वर्ष : २१, अंक : १२, काठमाडौं, २०८२ साउन १६ गते शुक्रबार, 1 August, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## आन्दोलनकारीको मुद्दा फिर्ता लिन प्रधानमन्त्रीलाई महन्थ ठाकुरको आग्रह



महोत्तरी । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले मधेश आन्दोलनका आन्दोलनकारीलाई राज्यले झुटा मुद्दामा फसाएर दुःख दिएको आरोप लगाएका छन् । उनले देशमा भएको राजनीतिक परिवर्तन आन्दोलनहरुका उपलब्धि रहेको भन्दै मधेश आन्दोलनमा लागेका महोत्तरीका चार जना नेतालाई लगाइएको झुटा मुद्दा फिर्ता लिन प्रधानमन्त्री केपी शर्मा ओलीलाई आग्रह गरेका छन् ।

महोत्तरीको मटिहानीमा बिग्ही पुल र प्रसूति गृह उद्घाटनपछि आयोजित समारोहमा सहभागी प्रधानमन्त्री ओलीलाई सुनाउँदै लोसपा अध्यक्ष ठाकुरले मधेश आन्दोलनका आन्दोलनकारीलाई फसाएर जन्मकैदको फैसला भएको र कतिपयलाई जेलमा बन्द गरिएकोले सरकारले उनीहरुमाथि लगाएको झुटा मुद्दा फिर्ता लिनुपर्ने बताए । ओली सरकारकै नेतृत्वमा ३ वर्ष कैद र १० लाख रुपैयाँ जरिवाना भएको मधेश आन्दोलनका आन्दोलनकारीको मुद्दा फिर्ता लिएको उल्लेख गर्दै उनले बाँकी मुद्दासमेत फिर्ता लिन प्रधानमन्त्री ओलीलाई आग्रह गरे ।

अध्यक्ष ठाकुरले लोसपाका प्रदेश सांसद अभिराम शर्मा, जलेश्वर नगरपालिकाका पूर्वमेयर रामशंकर मिश्र, लोसपाका नेताहरु सुरेश पाण्डे, धर्मेन्द्र राउतलाई झुट्टा मुद्दामा षड्यन्त्रपूर्वक फसाइएको दाबी गर्दै उनीहरुको मुद्दा फिर्ता हुनु पर्ने बताए । मधेश आन्दोलनको बेला भीडले घटना गराउँदासमेत राज्यले आन्दोलन गर्नेहरुलाई खोजीखोजी फसाएको अध्यक्ष ठाकुरको आरोप छ ।

## जनताको घरदैलोमा पुग्न विभागीय प्रमुखहरूलाई उपेन्द्र यादवको निर्देशन



काठमाडौं । जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष माननीय उपेन्द्र यादवले पार्टीको केन्द्रीय विभाग र जनवर्गिय संगठनका प्रमुखहरुलाई पार्टीको मुद्दा, नीति र सिद्धान्त बोकेर जनताको घरदैलोमा पुग्न निर्देशन दिएका छन् । आइतबार पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा केन्द्रीय विभाग र जनवर्गिय संगठनका प्रमुखहरुको संयुक्त बैठकलाई सम्बोधन गर्दै अध्यक्ष यादवले चुनावी तयारी र जनताका बीच पार्टीको एजेण्डा र मुद्दा बोकेर आमजनताको घरघरमा पुगेर प्रष्ट पार्न निर्देशन दिएका हुन् ।

अध्यक्ष यादवले हालको अन्यौलपूर्ण राजनीतिक परिस्थितिमा परिवर्तनको दिशामा अडिग भएर अघि बढ्नु पर्ने बताए । 'जसपा नेपालले बलियो ढंगले उठाउँदै आएको मुद्दाहरु प्रष्ट रुपले अझै जनताबीच पुग्न सकेको छैन । ती मुद्दाहरु जनतामा पुर्याउने र उहाँहरुलाई बुझाउने काम तपाईहरुको हो'- अध्यक्ष यादवले भने, -'पार्टीपंक्तिलाई अब न विश्राम गर्ने समय छ, न छूट छ, तपाईहरु सम्पूर्ण शक्ति लगाए आगामी चुनावको तयारीमा होमिनुस् ।'

पार्टीलाई बलियो बनाउन संगठन सुदृढीकरण, प्रशिक्षण, नेतृत्व विकास र चुनावी तयारीमा विशेष ध्यान दिनुपर्नेमा उनको जोड थियो । ý'निर्वाचनमा आफ्ना कार्यक्षमताहरूलाई थप विकसित गर्नु आवश्यक छ, जनता माझ मुद्दा पुऱ्याउन र सशक्त संगठन निर्माण अपरिहार्य छ,' अध्यक्ष यादवले भने ।

ýमधेश प्रदेशसहित देशैभरी पार्टीको सशक्त उपस्थिति र सघन सक्रियता आवश्यक रहेको उल्लेख गर्दै त्यसलाई अझ व्यापक बनाउँदै लैजानु पर्नेमा जोड दिँदै अध्यक्ष यादवले आगामी निर्वाचनलाई दृष्टिगत गर्दै प्रत्येक तहका नेता-कार्यकर्तालाई तयारीमा जुट्न आह्वान समेत गरे । बैठकमा प्रशिक्षण कार्यक्रम सञ्चालन, नेतृत्व विकासका पहल, जनसम्पर्क विस्तार, जनवर्गीय संगठनहरूको भूमिकालाई थप प्रभावकारी बनाउने बारे पनि छलफल भएको बताइएको छ ।

## मधेश सरकारद्वारा ऐतिहासिक बीमा कार्यक्रम सुरु

जनकपुरधाम । सामाजिक सुरक्षा र नागरिकको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यसहित मधेश प्रदेश सरकारले ऐतिहासिक कदम चाल्दै घरधुरी बीमा र नागरिक बीमा कार्यक्रम साउन १ गतेदेखि औपचारिक रूपमा लागू गरेको छ।

पहिलो चरणमा एक लाख घरधुरी र ६ हजार ६ सय नागरिकहरू बीमाको दायरामा ल्याइएको छ। यस कार्यक्रम अन्तर्गत करिब ५९ अर्ब १० करोड रुपैयाँ बराबरको बीमा सुरक्षा व्यवस्था गरिएको छ, जुन प्रदेश सरकारको सामाजिक सुरक्षा नीतिमा ठूलो उपलब्धि हो ।

मुख्यमन्त्री सतिश कुमार सिंह नेतृत्वको सरकारद्वारा अगाडि सारिएको यो बीमा योजना आम नागरिक र सिमान्तकृत वर्गलाई प्राकृतिक विपद्, दुर्घटना तथा आकस्मिक मृत्युजस्ता घटनाबाट सुरक्षा प्रदान गर्ने उद्देश्यले लागू गरिएको हो।

घरधुरी बीमा अन्तर्गत आगलागी, चट्याङ, बाढी, पहिरो, आँधी-हुरी अन्य आपतकालीन घटनामा हुने क्षतिको क्षतिपूर्ति दिइनेछ। नागरिक बीमा १० लाख सम्मको गरिएको छ भने घरधुरी बीमा ५ लाख रुपैया सम्मको गरिएको छ ।

नागरिक बीमा अन्तर्गत भने आकस्मिक मृत्यु, शारीरिक अपांगता, दुर्घटना जन्य घाइते समेत समेटिएको छ।

बीमा दाबीका लागि साक्ष्यसहितको निवेदन, प्रहरी प्रतिवेदन वा अस्पतालको रिपोर्ट , स्थानीय पालिकाको सिफारिस र प्रदेशको नागरिक भएको प्रमाण आवश्यक पर्नेछ। यसरी पारदर्शी र सहज कार्यविधिमार्फत पीडितले राहत प्राप्त गर्न सक्ने सरकारको दाबी छ ।

# उत्पीडित जनताको आवाज उठाउँदै संघीय गणतान्त्रिक गठबन्धन

बारा । संघीय गणतान्त्रिक गठबन्धनको आयोजनामा बारा जिल्लाको ऐतिहासिक शहर कलैयामा एक विशाल, भावनात्मक र जनभावनाले ओतप्रोत जनजागरण अभियान अन्तरगतको रैली, अन्तरक्रिया तथा सभा कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमले केवल राजनीतिक भाषणको मञ्च नभई नेपालका सम्पूर्ण उत्पीडित जनताको जीवन्त पीडा, आशा र आकांक्षालाई उजागर गर्ने साझा थलोको रुपमा उपस्थित भएको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल संघीय समाजवादी पार्टीका उपमहासचिव जनक कार्कीले गरेका थिए भने अध्यक्षता नेपाल संघीय समाजवादी पार्टीका जिल्ला अध्यक्ष अनवर अन्सारीले गरे । उनको नेतृत्वमा आयोजना गरिएको यो कार्यक्रमले मधेशको राजनीतिक धड्कनलाई गहिरो रूपमा स्पर्श गरे ।




कार्यक्रममा मोर्चाका संयोजक नेपाल सङ्घीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री मो.रिजवान अन्सारी, नेपाल जनजागृति पार्टीका अध्यक्ष धुपलाल निषाद, बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकर, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो लगायत पाँच दलका शीर्ष नेताहरू, केन्द्रीय सदस्यहरू, जिल्लास्तरीय नेताहरू तथा हजारौं जनताको आत्मीय सहभागिता थियो । त्यहाँ नेताहरू मात्र थिएनन्, नाराहरू मात्र थिएन, त्यहाँ थियो मधेशको भावना, उत्पीडनको इतिहास र न्यायको लडाइँ ।

कार्यक्रमको सुरुवात मधेश आन्दोलनका शहीदहरू हिफाजत अन्सारीकी आमा बेगन खातुन र शेख अशरफकी धर्मपत्नी शोभा राजवंशीलाई दोसल्ला ओढाएर सम्मान प्रकट गर्दै गरिएको

*बाँकी अन्तिम पृष्ठमा*

## सामाजिक अस्थिरता र अर्थतन्त्रको विघटन सुनिश्चित : राजेन्द्र महतो

काठमाडौं । राष्ट्रिय मुक्ति पार्टी नेपालले तराई-मधेश क्षेत्रमा तीव्र रूपमा फैलिरहेको सुक्खाग्रस्त अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यसलाई केवल प्राकृतिक विपत्ति नभई राज्य संरचनाको दीर्घकालीन उपेक्षा र शोषणको परिणाम भएको ठहर गरेको छ ।

रामुपाका अध्यक्ष राजेन्द्र महतोले एक प्रेस वक्तव्य जारी गर्दै भनेका छन्,, "हालका वर्षहरूमा लगातार घट्दो वर्षा, भूमिगत जलको पुनर्भरणको कमी, अव्यवस्थित सिँचाइ संरचना र चुरे क्षेत्रको अनियन्त्रित दोहनका कारण तराई-मधेश



अन्नहीन, जलहीन र भविष्यहीन हुँदै गएको छ। यो केवल पानीको संकट होइन, यो अस्तित्वकै संकट हो।"

वक्तव्यमा उल्लेख गरिएअनुसार, खेतबारी सुक्दै गएका छन्, पिउने पानीको हाहाकार छ, गाईबस्तुका लागि घाँस छैन, इनार-चापाकल सुक्दै गएका छन् र जनताले आकाश ताकेर आशा मात्र गरिरहेका छन्। यस्तो भयावह परिस्थितिमा पनि राज्य र सरकारले संवेदनशीलता नदेखाउनु दुःखद भएको पार्टीको टिप्पणी छ।

पार्टीले सुक्खा पीडित तराई-मधेशवासीको तत्काल राहत र दीर्घकालीन समाधानका लागि सरकारसँग पाँच बुँदे माग पनि अघि सारेको छ ।:

पार्टीका मागहरूमा सुक्खा प्रभावित क्षेत्रलाई 'राष्ट्रिय संकट' घोषणा गर्दै तत्काल राहत (खाद्यान्न, पानी, चारा, औषधि) वितरण गरियोस्, किसानका कर्जा माफ गरिनुका साथै बीउ, मल, औजार निःशुल्क दिइने पुनःस्थापना योजना ल्याइयोस्, विद्युत आपूर्ति सुनिश्चित गरिनुका साथै कृषि विद्युत र खानेपानी सम्बन्धी उपकरण भन्सार शुल्कमुक्त गरियोस्, राहत वितरणलाई राजनीतिक नबनाई मानवीय संकटको रूपमा सम्बोधन गरियोस्, चुरे संरक्षण, जल-

*बाँकी अन्तिम पृष्ठमा*

## '२ बिगहा जग्गाको प्रावधान हटाउनु पर्छ'

राकेश यादव, रौतहट । जिल्लाका किसानहरुले कृषि योग्य खेती सिंचाइ गर्नका लागि वितरण गरिने स्यालो ट्युबेल तथा मोटर वितरणका लागि राखिएको २ बिगहा जग्गाको प्राबधान संशोधन गर्नुपर्ने माग गरेका छन् । २ बिगाहा जग्गा सिचाईको लागि हुनु पर्ने गरिएको व्यवस्थाले सामान्य परिवारका किसानहरू बन्चित हुने भएकोले संसोधनको माग उठ्न थालेको हो ।

सुखा खडेरी परेको बेला जिल्ला कृषि ज्ञान केन्द्र रौतहटले सुचना जारी गरे पछि यस्तो अवाज उठिएको छ। राजदेवी नगरपालिका वडा नम्बर ७ का विजय यादवले मधेश प्रदेश सरकारले भूमिगत सिचाई व्यवस्थापनको लागि दिन लागेको अनुदानको स्यालो ट्युबेलबाट सम्पन्न किसान बढी लाभान्वित हुने बताएका छन् । २ बिगाहा जग्गा हुने भएकोले सो सुबिधा पाउने निश्चित भएकोले वास्तविक किसान बन्चित हुने उनको तर्क रहेको छ ।

अर्का किसान बिजेश्वर यादवले भने हामी संग १० कट्ठा जग्गा भएकोले त्यो सुबिधा पाउन सकिदैन सुधार गर्नु पर्छ । २ बिगाहासम्मको जग्गा हुनु पर्ने व्यवस्था गरिएमा सामान्य परिवारका किसानले सुबिधा पाउन सकिने उनको भनाइ रहेको छ ।

जिल्ला कृषि ज्ञान केन्द्रले साउन १३ मा सर्वजनिक गरेको ७ दिने सुचनामा स्यालो ट्युबेल जडान तथा मोटर वितरण कार्यक्रमको लागि इच्छुक किसानले २ बिगहा जग्गाको लालपुर्जा पेश गर्नु पर्ने उल्लेख गरिएको छ ।

प्रत्येक वर्ष वितरण हुँदै आएको स्यालो ट्युबेल सम्पन्न किसानले पाउने गरेको हुँदा यसपालि पनि गत वर्ष लिएकाहरुले पुनः लिने आशंका सर्वसाधारणको रहेको छ । ज्ञान केन्द्रका प्रमुखको मिलोमतोमा अनियमित्ता हुने गरेकोले वास्तविक किसानले लाभ लिनु पर्ने जोड स्थानीय किसान बिनोद यादवको रहेको छ।

पार्टी, मन्त्रिको कार्यकर्ताले बढी फाइदा लिएको बिगतको कार्य शैली रहेकोले यस बर्षमा त्यस्तो नहोस भने निगरानी गर्न सम्बन्धित निकायलाई आग्रह गरिएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका रौतहट जिल्ला सदस्य बिक्रान्त बिक्रम नेपालले सरकारको नीतिगत भ्रस्टाचारको आधार रहेको टिप्पणी गरेका छन् । उनले धनि किसानलाइ नै सुबिधा दिने र गरिव किसानलाइ बन्चित गर्ने नीति अनुरुप २ बिगहा जग्गाको प्राबधान राखिएको आरोप लगाउदै सबैले पाउने गरि व्यवस्था गर्न समेत माग गरे ।

नेपाली कांग्रेस, नेकपा एमालेको सरकारले नीतिगत भ्रस्टाचार गर्ने दाउमा सधै रहने गरेकोले वास्तविक किसान पिडामा पर्नु स्वाभाविक हुने कटाक्ष गरे ।

कृषि भुमि व्यवस्था तथा सहकारी मन्त्रालय मधेश प्रदेश सरकारका प्रवकता डाक्टर सरोज चौधरीले २ बिगाहा जग्गा सिचाई हुन सक्ने उदेश्यले नै यो प्राबधान गरिएको बताए। उहाले एक जना किसानको त्यति जग्गा नपुगेमा अन्य किसानको जग्गा धनि प्रमाण पुर्जा राख्न सकिने बताए। संसोधन गर्न सकिने कि भने प्रश्नको जवावमा उनले कम जग्गाको प्राबधान गरे आपूर्ति गर्न नसकिने बताए।

अहिले मधेशमा संकटको अवस्था उत्पन भएकोले तत्काल राहतको लागि डिप बोरिङ्ग र स्यालो ट्युबेल जडान कार्य अगाडी बढाइएको जनाए। उनले दोहरिएको खण्डमा अनुगमन समेत गरि कार्यवाही गरिने जानकारी दिए ।

## सम्पादकीय

# गहिरो जनघाती नियत

राज्यसत्तालाई भत्काउन उठेका आन्दोलनहरूलाई माइक्रो मेनेजमेन्टको तीक्ष्ण रणनीति अनुसार सरकारले एक दशक लगाएर मधेशी, जनजाति, थारूलगायत आन्दोलनरत सबै शक्तिलाई तह लगाएर बनाएको अभेद्य दुर्गमाथि सोझै प्रहार ओलीको लागि बर्दास्तभन्दा बाहिरको कुरा थियो । ओलीले सोझै नकारेर मधेशका निशाना बनाउन थालेका छन् । राज्य पुनर्संरचनाका लागि उठेका विद्रोह राज्यको ठूलो चुनौती थियो । यसलाई बडो बुद्धिमानी र चालाकी ढंगले बिना कुनै क्षतिको समस्याको समाधान गरिएको छ । राज्यसत्तामाथि अरूको कब्जालाई रोक्न खसवर्गीय शासकहरू पारस्परिक वैरभावलाई बिर्सेर एक भई बचाउन सफल भएको छ । त्यहीं राज्यसत्तालाई चुनौती दिने मधेश टुक्रा टुक्रामा बाँडिएको छ ।

राज्यविहीनताको अवस्थामा सृजित मधेशको अवसरवादी चरित्रलाई मधेश आन्दोलनले पर्दा हालेपनि पछिका दिनमा यो चरित्रको विशालकाय आकार मधेशभरि नै ढाक्यो । नेतादेखि कार्यकर्ताको पंक्तिसम्म सबैले आन्दोलनको उद्देश्यलाई पन्छाएर व्यक्तिगत स्वार्थपूर्तिमा लागेपछि राज्यले मधेशका कमजोरीलाई बुझि सोहीमाथि प्रहार गरि मधेशलाई म्यानेज गरेको हो । फरक विचारका वर्गीय शासकहरू जहाँ राज्यसत्ता बचाउन एकजूट देखिए, मधेश विखण्डनको तीव्र भासमा थियो ।

०६२/०६३ को जनपक्षीय आन्दोलन राज्यपुनर्संरचना गरि पहिचान, समान हकको ग्यारेन्टी गर्न संघीय संरचना हुनु पर्ने अभिप्रायबाट प्रेरित थियो । यी सबैकुरा पूरा गर्न संविधान सभाको गठन पनि भयो । देश संघीय संरचनामा पनि आयो । परिणाम के भयो- शासकवर्ग परिस्कृत रूपमा एकताबद्ध भए । संघीय सरकारमा सम्पूर्ण देशमाथि कब्जा भयो । मधेश ६ टुक्रामा बाँडियो । राज्यलाई चुनौती दिने मधेशलाई नै निस्तेज गर्ने रणनीति राज्यले लिएको थियो । वर्षौं लगाएर मधेशलाई पाखा लगाउन त्यसभित्र असंख्य आफ्ना अनुयायीहरू जन्मायो ।

अवसरवादी चरित्र प्रयोग गरेर मधेशका नेता, कार्यकर्ता तथा सिङ्गो मधेश आफ्नो पहिचान, समान हक आदि स्थापना गर्न गरेको यात्रा असफल भएर घोडेयात्रामा रूपान्तरण भएको पत्तै भएन । अहिले पीडाबोध हुनु र त्यस अनुसारको क्रान्तिकारी नारा दिनु, नेतृत्ववर्गले अर्को अवसर खोज्नुबाहेक अरू केही होइन । मधेशका नेताहरू आफ्नो असफलताका लागि आत्मआलोचना गर्दैनन् । बरू आफ्नो प्रवचनमा मधेशलाई के भन्छन सुनौं- "कुनै पनि आन्दोलन एकै पटक आमूल परिवर्तनको कार्यभार पूरा गर्दैन । कहीं गरेको छ भने, त्यो राजनीतिक परिवर्तनको चरित्रभित्र नआई चमत्कारभित्र पर्दछ । मधेशले आन्दोलनबाट पहिचान कायम गरेको छ । हाम्रै प्रयासले मधेश आज संघीयता भोगि रहेको छ । ८ जिल्लामा मधेशलाई सीमित गर्दा हामी अब अर्को मधेशको लागि लड्छौं ।"

६ टुक्रामा बाँडिएको मधेश र कहिल्यै पुनश्चः एक हुन नदिने राज्यको रणनीति स्पष्ट छ । राज्य र वर्गीय शासकलाई फायदा दिने संघीयता मधेशको लागि अफाप सिद्ध भएको छ । जसरी लोकतन्त्रलाई आफ्नो सुविधाका लागि प्रयोगमा रखेका छन् त्यसरी नै वर्गीय हितमा संघीयता पनि प्रयोग भएको छ । राज्यको गहिरो जनघाती नियत मधेशका राजनीतिक अगुवाहरू नै बुझेका छैनन् भने मधेशी जनता के बुझून् ।

# मधेशको जल संकटः कारण, चुनौती र दीर्घकालीन समाधानको बाटो



प्रेमचन्द्र झा

नेपालको मधेश प्रदेश–देशको समथर भूभाग, जहाँ देशको एक तिहाइभन्दा बढी जनसंख्या बसोबास गर्छ–आज गम्भीर जल संकटको सामना गरिरहेको छ। पानी मानव जीवनको आधार हो, तर यतिबेला मधेशवासीहरूलाई स्वच्छ पिउने पानीको अभावसँगै सिँचाइ र सरसफाइको लागि आवश्यक पानीको हाहाकार झेल्नुपरेको छ। यस संकटको जरा केवल प्राकृतिक स्रोतको सीमिततामा छैन, यो राजनीतिक इच्छाशक्ति, नीति निर्माणमा स्पष्टताको अभाव, प्रविधिको



दुरुपयोग, सामाजिक-आर्थिक असमानता र जलवायु परिवर्तनसँग पनि गहिरो रूपमा गाँसिएको छ।

तीन तहको सरकार र योजनाको समन्वय अभाव

संघीयता पश्चात् जनअपेक्षा थियो कि खानेपानी र सिँचाइ जस्ता आधारभूत आवश्यकतामा तत्काल सुधार हुनेछ। तर मधेश प्रदेशमा यस्तो अपेक्षा उल्टो रूपमा परिणत भएको देखिन्छ। तीन तहको सरकारबीच समन्वय नहुँदा बजेट योजना विखण्डन हुँदै गएको छ। प्रदेश सरकारले धेरैजसो बजेट स-साना योजनामा बाँड्दै 'कार्य सम्पन्न देखाउने' प्रवृत्तिमा लागेको छ। यस्ता योजनाले न त दिगो उपलब्धि दिन सकेका छन्, न त दीर्घकालीन सुधारको बाटो खोल्न सकेका छन्।

समस्या यति मात्र होइन। बजेट विनियोजनमा समेत पारदर्शिता छैन। परियोजनाहरू राजनीतिक पहुँचका आधारमा तोकिन्छन्, वैज्ञानिक मूल्याङ्कन वा भूगर्भीय अध्ययन बिना नै। यस्ता कारणले गर्दा मधेशमा पानीको समस्या व्यवस्थापनभन्दा लथालिङ्ग छ।

डिप बोरिङ्ग र हैण्डपाइपको विस्फोट

हालैका वर्षहरूमा डिप बोरिङ्ग र हैण्डपाइपहरू पानीको प्रमुख स्रोत बनेका छन्। यी अस्थायी समाधानहरूले तत्काल राहत त दिन सक्छन्, तर दीर्घकालमा पानीको स्तर घटाउने, भूमिगत स्रोत सुकाउने, र स्वास्थ्य जोखिम बढाउने काम गर्छन्। विशेषगरी हैण्डपाइपहरू सतही तहका हुन्, जसले जमिनको माथिल्लो प्रदूषित तहबाट पानी तान्छ।

अझ गम्भीर कुरा के छ भने अधिकांश पानी स्रोतहरू कुनै परीक्षण बिना नै प्रयोगमा ल्याइएका छन्। आर्सेनिक, आइरन, कोलिफर्मजस्ता प्रदूषक तत्वहरूका कारण मधेशका धेरै बासिन्दा दीर्घकालीन रोगहरू ( कलेजो, मिर्गौला, छाला रोग) को शिकार भइरहेका छन्।

जलवायु परिवर्तन र वर्षा चक्रको असन्तुलन

मधेशको जल संकटमा जलवायु परिवर्तनको असर गम्भीर रूपमा देखिन थालेको छ। विगत दशकमा मधेशमा वर्षा चक्रमा चरम असन्तुलन आएको छ। अत्यधिक वर्षा र त्यसपछि लामो खडेरीको चक्रले जमिनको नमी सुकाएको छ, जसको असर खेती, वनस्पति र भूजल पुनःभरिने दरमा प्रत्यक्ष परेको छ। वर्षामा आएको बाढीले जलस्रोत व्यवस्थापन गर्ने कुनै पूर्वतयारी नहुँदा पानी बगेर जान्छ, तर खडेरी बेलामा तान्न पानी हुँदैन। यस्तो असन्तुलन समाधान गर्न जल संरक्षणका पूर्वाधार–जस्तै वर्षा जल संकलन प्रणाली, सानो जलाशय, तालतलैया–निर्माणमा लगानी हुनु अत्यावश्यक छ।

वन विनाश र भू-प्रकृति परिवर्तन

मधेशका धेरै भूभागमा विगत दुई दशकमा सघन वन विनाश भएको छ। नदी किनारका वन क्षेत्र, सार्वजनिक जग्गा, र उपयुक्त जलपोषण क्षेत्रहरूलाई अवैध बस्तीकरण, ईँटाभट्टा, र खेतीयोग्य जमिनमा रूपान्तरण गरिएको छ। यसले वर्षा पानी जमिनमा भिज्न नदिई सतही बगानमा परिणत गरिदिएको छ।

नदी र खोलाहरूको प्राकृतिक बहाव अवरुद्ध गर्ने संरचनाहरू, जस्तै बाँध, अवैध उठान, अनियन्त्रित बालुवा/गिटी उत्खनन आदिले भूजल स्तरमा गम्भीर गिरावट ल्याएको छ। यसले पानी पुनःभरणको प्राकृतिक चक्र नै भङ्ग गरिदिएको छ।

सामाजिक असमानता र जल पहुँच

मधेशको जल संकट सामाजिक-आर्थिक विभाजनसँग पनि जोडिएको छ। दलित, मुसहर, थारु, मधेसी मुस्लिम समुदाय जस्ता सीमान्तकृत वर्ग अझ बढी प्रभावित छन्। कतिपय बस्तीहरूमा अझैपनि सार्वजनिक धारा, टंकी वा सुरक्षित हैण्डपाइप छैनन्। महिला र बालबालिकालाई टाढा-टाढाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता अझै छ। जल संकटले स्वास्थ्यमा मात्र होइन, शिक्षामा पनि असर पार्छ। विद्यालयहरूमा पर्याप्त सरसफाइ र पानीको सुविधा नहुँदा छात्राहरूको उपस्थितिमा गिरावट आएको छ, विशेषगरी महिनावारी अवधिमा।

प्रविधि, शिक्षा र जनचेतनाको अभाव

मधेशको जल संकट प्रविधिको अभावले मात्र होइन, उपयुक्त प्रविधि छनोट गर्न नजान्ने, त्यसको सही प्रयोग नगर्ने प्रवृत्तिले पनि जटिल बनाएको छ। सरकारी संयन्त्रमा तालिम प्राप्त जनशक्ति नहुँदा योजना बनाउने र कार्यान्वयन गर्ने क्षमतामा गम्भीर कमजोरी देखिन्छ।

जनचेतना अभाव अर्को प्रमुख चुनौती हो। अनियन्त्रित हैण्डपाइप जडान, प्रदूषित पानीको प्रयोग, वा चन्दा उठाएर गुणस्तरीय काम नहुने अवस्था परिवर्तन गर्न 'पानी अधिकार' बारे व्यापक जनअभियान आवश्यक छ।

अन्तरप्रदेशीय र अन्तर्राष्ट्रिय सन्दर्भ

मधेशका प्रमुख नदीहरू भारतबाट नेपालमा प्रवेश गर्छन्। कमला, बागमती, झाँझ, नारायणी, गण्डक जस्ता नदीहरू भारतसँग जोडिएका छन्। भारतले गरिरहेको बाँध निर्माण, जलधारा नियन्त्रण र नदी मोडाइका कारण पनि मधेशमा कहिले बाढी, कहिले सुख्खा भइरहेको छ।

नेपाल-भारत जलसम्झौताहरू लामो समयदेखि विवादास्पद छन्। मधेशको जल संकटको समाधान संघीय सरकारले नीतिगत तहमा भारतसँग सहकार्य गरेर मात्र सम्भव हुनेछ। जल-कूटनीति मजबुत बनाउन सरकार गम्भीर हुनु आवश्यक छ।

नेपाल-भारत जलसम्झौताहरू लामो समयदेखि विवादास्पद छन्। मधेशको जल संकटको समाधान संघीय सरकारले नीतिगत तहमा भारतसँग सहकार्य गरेर मात्र सम्भव हुनेछ। जल-कूटनीति मजबुत बनाउन सरकार गम्भीर हुनु आवश्यक छ।

सफल उदाहरणहरू

पर्सा, रौतहट, धनुषा लगायत केही जिल्लामा केही सकारात्मक उदाहरणहरू पनि छन्, जहाँ स्थानीय तह, जनसहभागिता र नागरिक सचेतनाले मिलेर ओभरहेड टंकी, रेन-हार्भेस्टिङ, साना जलाशय निर्माण गर्न सफल भएका छन्। यस्ता उदाहरणलाई प्रदेशस्तरीय नमुनाका रूपमा पहिचान गरेर नीतिमा समावेश गर्न सकिन्छ। यिनले देखाउँछन्–जनसहभागिता, पारदर्शिता र प्रविधिको मिलन भए मधेशमा जल संकट समाधान सम्भव छ।

नीतिगत कमजोरी र सुधारका दिशाहरू

मधेश प्रदेशको खानेपानी तथा सिँचाइसम्बन्धी नीतिहरू अद्यावधिक छैनन्। भूगर्भ जल व्यवस्थापन ऐन, प्रदूषित पानीको परीक्षण अनिवार्यता, वा अनुगमन संयन्त्र प्रभावकारी रूपमा लागू भएका छैनन्। पानी योजनाका लागि पारदर्शी डेटा बैंक निर्माण, भूगर्भीय नक्साङ्कन, समुदाय आधारित जल समिति गठन, र दिगो जल उपभोगका मापदण्डहरू अपनाउनु समयको माग हो।

# समाजवादको नेपाली बाटोः सङ्घीय समाजवाद

## (जसपाको सङ्घीय परिषदको प्रथम बैठकद्वारा पारित पार्टी नीति तथा कार्यक्रमसम्बन्धी राजनीतिक प्रस्ताव)

श्रमजीवी वर्गले पुँजीवादको विकल्पमा समाजवाद चाहन्छ ।

**४.२ समाजवादको श्रेष्ठता**

समाजवाद उत्पादनका साधनहरूमा सामाजिकीकरण भएको व्यवस्था हो । यस्तो व्यवस्थामा समाज सङ्गठित हुन्छ, श्रममाथि पुँजीको अधिपत्य हुँदैन र श्रमजीवीहरू पुँजीवादी शोषणबाट मुक्त हुन्छन् । यसलाई ज्ञान-विज्ञानका पछिल्ला अनुसन्धान र आविष्कार, विश्व इतिहासका अनुभवहरू र नेपाली समाजको ठोस परिस्थितिअनुरूप लागू गर्नु पर्दछ । यस्तो व्यवस्थामा योग्यताको आधारमा काम र कामको आधारमा दामको नीति लिनु पर्दछ । वर्तमान परिस्थितिमा नेपालको समाजवादमा राजकीय/सार्वजनिक, सहकारी/सामुदायिक र निजीसमेत भएको मिश्रित स्वामित्व प्रणाली हुनु पर्दछ । राष्ट्रिय औद्योगिक पुँजीवादको जग निर्माण गर्दै समाजवादमा पुग्नु हाम्रो रणनीतिक बाटो हो । अहिलेको युगको समाजवाद राजकीय सामाजवाद होइन न त पुँजीवादको घेराभित्र रुमल्लिएको समाजवाद नै हो । अहिलेको युगको समाजवाद माथिबाट लादिएको होइन तलबाटै उठेको, व्यक्तिको निजत्व कुण्ठित गर्ने होइन व्यक्तिको निजत्व प्रष्फुटित गर्ने तथा नोकरशाही प्रकृतिको होइन समावेशी र लोकतान्त्रिक प्रकृतिको हुनु पर्दछ । हाम्रो कार्यदिशा मात्रात्मक परिवर्तनविना हठात परिवर्तन गर्ने हुनु हुँदैन । वर्तमान क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्दै सामाजिक-आर्थिक ढाँचामा चरणवद्ध परिवर्तन गरी समाजवादतर्फ जानु हाम्रो अर्थ-राजनीतिक दिशा हुनु पर्दछ । बजार र योजनाबद्ध विकासको समन्वय हुने यस्तो अर्थतन्त्रमा- पहिलो चरणमा समाजवादउन्मुख, दोश्रो चरणमा समाजवादमा आधारित मिश्रित अर्थतन्त्र र तेश्रो चरणमा समाजवादी अर्थतन्त्र विकास गर्ने नीति लिनु पर्दछ । यस प्रक्रियामा श्रमजीवी वर्गको महत्त्वपूर्ण भूमिका र पहल हुनु पर्दछ । समाजवादी सिद्धान्तहरू र बजार संयन्त्रको संयोजन हुने तथा सामाजप्रति पूर्ण उत्तरदायी रहने भएकाले यो प्रतियोगी पुँजीवादी युगको स्वतन्त्र बजार अर्थतन्त्रभन्दा भिन्न समाजवादी बजार अर्थतन्त्र हो । विज्ञानमा आधारित समाजवाद स्थापना गर्ने भएकाले पुँजीवादको तुलनामा यसको श्रेष्ठता सुनिश्चित छ । कृत्रिम बौद्धिकता समाजवादको सम्भावनालाई अझ मजबुत बनाउने औजार बन्न सक्छ यदि यसलाई मुट्ठीभरका व्यक्तिहरूको हितमा नभई सार्वजनिक हितका लागि परिचालित गरियो भने । यसका लागि समाजवाद समतामूलक समृद्धि, सामाजिक न्यायमा आधारित, मानवीय केन्द्रित समाज निर्माणतर्फ उन्मुख हुनुपर्छ ।

**४.३ सङ्घीयतासहितको समाजवाद**

समाजवाद विश्व पुँजीवादको वैकल्पिक व्यवस्था हो । आजको युगमा समाजवादको एक मात्र बाटो छैन । प्रत्येक देशका निम्ति समाजवादको आफ्नै बाटो हुनु पर्दछ । आफ्नो देशको सामाजिक चरित्र जस्तो छ, परिवर्तनको समाजवादी बाटो पनि त्यसअनुरूप नै हुनु पर्दछ । स्क्यान्डेनेभिया, चीन, हिन्दचीन, ल्याटिन अमेरिकाका मुलुकहरूमा आफ्नो मौलिक विशेषतामा आधारित समाजवाद स्थापना गर्ने कार्य भइरहेको छ । तिनीहरूको सफलताले विश्वभरिकै समाजवादीहरूलाई प्रेरणा मिलेको छ । उन्नाइसौँ शताव्दीको चौथो दशकमा काल्पनिक समाजवादको स्थान आधुनिक समाजवादले लिएदेखि आजसम्म आइपुग्दा यसका विविध प्रारूपहरू विकसित भएका छन् । आधुनिक समाजवाद मुलतः पश्चिम युरोपका राष्ट्रिय राज्यहरूमा विकसित भयो, जहाँ सन् १८४८ को क्रान्तिपश्चात एक जाति एक देशको मान्यताका आधारमा देशका सीमाहरू पुनर्संरचना भए । त्यसैले बहुजातीय देशका समस्याहरूलाई यसले सम्बोधन गर्न सकेको छैन । त्यसैले हामीले बहुराष्ट्रिय राज्य सुहाउँदो समाजवादको मौलिक बाटो विकास गर्नु पर्दछ । सङ्घीय शासन प्रणालीसहितको समाजवाद हाम्रो मौलिक बाटो हो । यस्तो व्यवस्थामा सङ्घीयता देशका उत्पीडित राष्ट्रियताहरूमाथि भइरहेको विभेद मुक्तिको आधार हो भने समाजवाद श्रमजीवी वर्गको मुक्तिको आधार हो । सङ्घीय शासन प्रणाली यसको रूप हो र समाजवादी सामाजिक-आर्थिक व्यवस्था सार हो । यसले राष्ट्रिय मुक्ति आन्दोलन र समाजवादी आन्दोलनलाई एक साथ अगाडि बढाउने छ र नेपाललाई एकाइसौँ शताव्दीको समृद्ध सङ्घीय समाजवादी मुलुकमा परिणत गर्ने हाम्रो ऐतिहासिक अभिभारालाई पूरा गर्ने छ ।

**५. समाजवादको नेपाली बाटोः सङ्घीय समाजवाद**

सङ्घीय समाजवाद नेपाली क्रान्तिको व्यवहारमा विकसित मौलिक सिद्धान्त हो । कुनै पनि सिद्धान्त आजसम्म सिद्ध भएका कुराहरूको आधारमा नै विकास हुन्छ । यसले समग्रमा मार्गदर्शन गरेको हुन्छ । सङ्घवाद र समाजवाद यसका दुइ मुख्य सैद्धान्तिक आधारहरू हुन्, जुन विश्वका धेरै देशहरूमा त्यहाँका आआफ्नै विशिष्ट स्थितिअनुरूप प्रयोग गरी सिद्ध भएका छन् । नेपाल जस्तो बहुजातीय र बहुभाषिक मुलुकमा यी दुईको संयोजनको ऐतिहासिक महत्त्व रहेको छ । जातीय/राष्ट्रिय मुक्तिका लागि सङ्घीयता र वर्गीय मुक्तिका लागि समाजवाद यसका दुई मुख्य ध्येय हुन् । त्यसैले नेपालको वस्तुगत परिस्थितिअनुरूप सङ्घवाद र समाजवादलाई समेटेर नेपाली क्रान्तिको सिद्धान्तको रूपमा सङ्घीय समाजवाद प्रस्तुत गरेका छौँ । सङ्घीय समाजवाद सङ्घीय शासन प्रणालीसहितको समाजवाद हो । यसले नेपाली क्रान्तिमा जातीय मुक्ति र वर्गीय मुक्तिको संयोजन गरेको छ । त्यसैले यो श्रमजीवी वर्ग तथा उत्पीडित समुदायको मुक्तिको सिद्धान्त हो । यसले नेपाली क्रान्तिको व्यवहारमा बहुराष्ट्रियतासहितको समाजवादको प्रयोगलाई सिद्धान्तकृत गरेको छ । नेपाली समाजको सङ्घीयकरण, उत्पादनका साधनहरूको सामाजिकीकरण यसको लक्ष्य हो । यो परम्परागत लोकतन्त्र जस्तो राजनीतिक लोकतन्त्र मात्र नभई आर्थिक, सामाजिक तथा सांस्कृतिक लोकतन्त्र पनि हो ।

सङ्घीय समाजवादको दार्शनिक तथा वैचारिक-सैद्धान्तिक आधार द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, मार्क्सवाद र विश्व समाजवादी आन्दोलनका अनुभवहरू हुन् । यस सन्दर्भमा पार्टीको घोषणापत्रमा भनिएको छ, "यस पार्टीले दर्शनको क्षेत्रमा द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई मान्दै मार्क्सवाद र विश्व समाजवादी आन्दोलनका विभिन्न धाराहरूले विकास गरेका सकारात्मक योगदानलाई आत्मसात गरी समाजवादको नेपाली बाटोको रूपमा सङ्घीय समाजवादलाई मार्गदर्शक सिद्धान्त मान्ने छ । जनताको नागरिक र राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रत्याभूति गर्ने छ । सङ्घीय समाजवादले नेपाली विशेषताको समाजवादको रूपमा सङ्घीय शासन प्रणाली, लोकतान्त्रिक मूल्य मान्यता, सुशासन, समृद्धि र सामाजिक न्याय तथा समतामूलक, न्यायपूर्ण र विभेदरहित समाज निर्माण गर्ने कामको पहलकदमी लिने तथा नेतृत्व गर्ने कार्य गर्ने छ ।"

उपरोक्त उद्धरणबाट सङ्घीय समाजवाद दर्शनको हिसावले द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी, राजनीतिक हिसावले लोकतान्त्रिक र सामाजिक न्यायको हिसावले लोक कल्याणकारी हुने कुरा प्रष्ट छ ।

मार्क्सवादले समाजलाई शास्त्रबाट विज्ञानतिर, अन्धविश्वासबाट विश्वासतिर र चिन्तनबाट आविष्कारतिर लग्न सर्वाधिक मद्दत गरेको छ/ । जीवन र जगत रहस्यमय होइन बोधगम्य छ, यसलाई बुझ्न र परिवर्तन गर्न सकिन्छ भन्ने कुरा प्रमाणित गरेको छ/ । आज संसारले विज्ञान र प्रविधिमा छलाङ नमारेको भए मार्क्सवाद पनि केवल 'एकादेशको कथा' मा सीमित हुन्थ्यो/ । विज्ञान र प्रविधिको विकासले आज कृत्रिम बौद्धिकताको युगमा प्रवेश गर्दा समाजवादलाई विज्ञानसँग जोड्ने वैज्ञानिक समाजवादी दृष्टिकोणको सान्दर्भिकता बढेको छ । प्रकृतिको नियममा टेकेर, विज्ञानसम्मत ढङ्गमा हरेक काम मानिसबाटै हुन सक्दछ भन्ने मान्यता स्थापित भएको छ/ । नेपाली क्रान्तिको सिद्धान्तको रूपमा सङ्घीय समाजवादले मार्क्सवाद, राष्ट्रिय मुक्ति आन्दोलन र विश्व समाजवादी आन्दालनले विकास गरेको सकारात्मक योगदानलाई नेपालको विशिष्ट स्थितिमा आत्मसात गर्ने छ । यसले मानिसले मानिसमाथि गर्ने वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय सबैखाले शोषण उत्पीडन विभेद र असमानताबाट मुक्तिका लागि हुने आन्दोलनमा मार्गदर्शन गर्ने छ । यस्तो व्यवस्थामा जसको अभिभावक छैन त्यसको अभिभावकत्व राज्यले लिने छ, जो बेसहारा छ त्यस्को सहारा राज्य हुने छ, सामाजिक न्याय र सुरक्षा सम्पूर्ण नागरिकको मौलिक हक हुने छ । देशको उत्पादकत्वको वृद्धि र त्यसको समन्यायिक वितरणलाई प्रभावकारी बनाई जीवनका सबै अवसरहरू सबैका लागि समानरूपमा उपलब्ध गराइने छ ।

**६. सङ्घीय समाजवादका विशेषताहरू**

सङ्घीय समाजवादले वाक, प्रेस, सभा र सङ्गठन स्वतन्त्रतासहित आमरूपमा लोकतान्त्रिक व्यवस्थाले अबलम्बन गर्दै आएको जनताको सर्वोच्चता, बहुलतायुक्त खुल्ला समाज, वालिग मताधिकार, आवधिक निर्वाचन, प्रतिस्पर्धात्मक बहुदलीय व्यवस्था, संवैधानिक तथा कानुनी राज्य, मौलिक एवम् मानव अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, आत्मनिर्णयको अधिकार जस्ता परम्परागत लोकतन्त्रका साश्वत मूल्य र मान्यताहरू सबै आत्मसात गर्ने छ । त्यसको अलावा यस कार्यक्रमका थप विशेषताहरू निम्नानुसार छन् :

**६.१ पहिचानसहितको सङ्घीयता**

पहिचानसहितको सङ्घीयता नेपालको जातीय, भाषिक, सांस्कृतिक र ऐतिहासिक विविधतालाई सम्बोधन गर्ने राजनीतिक संरचना हो, जुन तिनीहरूको भाषा, संस्कृति, ऐतिहासिक मानव भूगोल र सभ्यताको आधारमा निर्माण गरेको हुन्छ । आफ्नो ऐतिहासिक थातथलो, साझा भाषा, साझा संस्कृति, साझा आर्थिक जीवन र साझा मनोभावना भएका नेपालका विभिन्न आदिवासी जनजातिहरू, मधेसी, थारु, खस, आर्य, शिल्पी, मुस्लिम सबै नेपालका राष्ट्रियताहरू हुन् । तिनीहरू सबैको पहिचान र अधिकारसहितको प्रदेश वा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र गैरभौगोलिक विशेष क्षेत्र जस्ता विशेष संरचना निर्माण गरी स्वशासन र स्वायत्तताको अधिकार दिइने छ । सङ्घ र प्रदेशबिच संवैधानिकरूपमा नै राज्यशक्तिको बाँडफाँट तथा शक्ति पृथकीकरणको मान्यताको आधारमा समानान्तर व्यवस्थापिका, सहकार्यात्मक सरकार र सङ्घीय न्यायपालिकासहितको शासन प्रणाली विकास गरिने छ । प्रदेशहरूलाई अवशिष्ट अधिकार दिइनुका साथै अल्पसङ्ख्यक समुदायहरूको हित, पहिचानको संरक्षण तथा राज्यसत्तामा तिनीहरूको पहुँच र प्रतिनिधित्वका लागि विशेष संरचनाहरू निर्माण र निषेधाधिकार (भिटो अधिकार) सुनिश्चित गरिने छ । स्थानीय तहहरू प्रदेशको क्षेत्राधिकारभित्र रहने छन् ।

**६.२ समाजवादी अर्थ-राजनीति**

समाजवादी व्यवस्था उत्पादनका साधनहरू सामाजिकीकरण भएको व्यवस्था हो, जहाँ उत्पादन, व्यवस्थापन र वितरण सामाजिक हितमा केन्द्रित हुन्छ । समाजवादको मूल उद्देश्य न्याय, समानता, स्वतन्त्रता र समृद्धि सुनिश्चित गर्दै विभेदरहित समाज निर्माण गर्नु हो । यस्तो व्यवस्थामा प्रत्येक नागरिकहरूले आफ्नो योग्यताअनुसार काम र कामअनुसार दाम प्राप्त गर्ने छन् । वर्तमान परिस्थितिमा राजकीय, सहकारी र निजी क्षेत्रको सम्मिलन भएको मिश्रित स्वामित्व प्रणाली अपनाइने छ, जसले राष्ट्रिय औद्योगिक पुँजीवादको आधार तयार पार्दै समाजवादतर्फ अग्रसर गराउने छ । बजार र योजनाबद्ध विकासको समन्वय हुने यस्तो अर्थतन्त्रमा पहिलो चरणमा समाजवादउन्मुख, दोश्रो चरणमा समाजवादमा आधारित मिश्रित अर्थतन्त्र र तेश्रो चरणमा समाजवादी अर्थतन्त्र विकास गर्ने नीति लिइने छ । समाजवादउन्मुख अर्थव्यवस्थाको चरणमा बजार, राज्य र समुदायको समुचित व्यवस्थापन र भूमिकालाई प्रभावकारी बनाइने छ । सामाजिक-आर्थिक रूपान्तरणको काम एक दीर्घकालीन र जटिल प्रक्रिया भएकाले हठात् परिवर्तन होइन, वस्तुगत परिस्थिति परिपक्व भएपछि मात्र अगाडी बढ्नुपर्ने हुन्छ । त्यसैले समाजवादी अर्थ-राजनीतिक दिशा गत क्रान्तिका उपलब्धिहरूलाई संस्थागत गर्दै चरणवद्धरूपमा समाजवाद निर्माण गर्नु हो ।

**६.३ सहभागितामूलक समावेशी लोकतन्त्र**

सहभागितामूलक समावेशी लोकतन्त्र यस्तो राजनीतिक प्रणाली हो, जसले विविध जाति, भाषा, वर्ग, लिङ्ग, धर्म, संस्कृति र क्षेत्रका समुदायहरूलाई राजनीतिको मूल प्रवाहमा समावेश गर्छ । परम्परागत उदार लोकतन्त्रमा राज्यको नेतृत्व सीमित वर्ग वा समूहको हातमा केन्द्रित हुने भएकाले नेपाल जस्तो विविध राष्ट्रियता भएको मुलुकमा जाति, भाषा, वर्ग, लिङ्ग र क्षेत्रका जनताको समान र सार्थक प्रतिनिधित्व सुनिश्चित गर्न त्यसको विकल्पमा समावेशिता र प्रत्यक्ष सहभागिता सुनिश्चित गर्ने अझ उन्नत स्तरको लोकतान्त्रिक विधि आवश्यक छ । त्यस्तो प्रणाली भनेको सहभागितामूलक समावेशी लोकतन्त्र नै हो, जहाँ बहुमतको मात्र होइन, अल्पमत, सीमान्तकृत, लोपोन्मुख र ऐतिहासिकरूपमा बहिष्कृत समुदायहरूको समेत सार्थक प्रतिनिधित्व र सहभागिता सुनिश्चित हुन्छ । राजकीय र सार्वजनिक नीति निर्माणदेखि कार्यान्वयनसम्म सम्पूर्ण समुदायहरूको बराबरी अधिकार र सहभागिता प्रत्याभूत हुन्छ । समाजवादी लोकतान्त्रिक गणतन्त्रको मर्मअनुसार, यस्तो लोकतन्त्रले समतामूलक, न्यायपूर्ण र विभेदरहित शासनको आधार निर्माण गर्छ, जुन निरपेक्ष बहुमतमा होइन, सहभागिता, प्रतिनिधित्व र समावेशितामा आधारित हुन्छ ।

**६.४ सामाजिक-आर्थिक न्याय**

सामाजिक-आर्थिक न्याय भनेको सबै नागरिकको समान अवसर र गरिमापूर्ण जीवनको ग्यारेन्टी र साझा समृद्धिको बाटो सुनिश्चित गर्नु हो । न्याय तब सम्भव हुन्छ, जब उत्पीडितहरू बोल्न सक्ने र शक्तिशालीहरू सुन्न बाध्य हुने अवस्था सिर्जना हुन्छ । यसको अर्थ समाजमा वर्ग, वर्ण, जात, जाति, लिङ्ग, क्षेत्रलगायत कुनै पनि आधारमा हुने सबैखाले अन्याय, असमानता र विभेदको अन्त्य गर्नु हो । यसले देशका स्रोत, साधन र शक्तिमा सबै नागरिकको समान पहुँच हुने सामाजिक-आर्थिक व्यवस्था निर्माण गर्छ, जहाँ धन, अवसर, सेवा र सुविधाको निष्पक्ष वितरण सुनिश्चित हुन्छ । समान राजनीतिक, संवैधानिक अधिकारको प्रत्याभूति, स्वतन्त्र र निष्पक्ष न्याय प्रणाली र विभेदमा पारिएका वर्ग तथा समुदायको संरक्षण यस प्रणालीका मूल आधार हुन् । यसले समाजका सीमान्तकृत, बहिष्कृत तथा विपन्न समुदायहरूलाई समावेश गर्दै उत्पीडनको अन्त्य गरी सामाजिक समावेशिता, समता र सम्मानमा आधारित सामाजिक संरचना निर्माण गर्छ । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र सुरक्षाको ग्यारेन्टीसहित, उत्पादनमा वृद्धि, समन्यायिक वितरण तथा सन्तुलित र समावेशी विकासको माध्यमबाट समृद्ध र न्यायपूर्ण समाज निर्माण गर्नु नै सङ्घीय समाजवादी व्यवस्थाको ध्येय हुने छ ।

**६.५ समतामूलक समृद्धि**

समतामूलक समृद्धि भन्नाले उत्पादनमा वृद्धिसँगै त्यसको लाभ समानरूपमा जनतामा वितरण गर्नु हो । सामाजिक न्यायसहितको तीव्र आर्थिक विकास समाजवादी अर्थनीतिको मुख्य लक्ष्य हो । पर्याप्त उत्पादनविना समन्यायिक वितरण सम्भव नहुने भएकाले उत्पादकत्व वृद्धिमा विशेष जोड दिइने छ । वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय विभेद अन्त्य गर्दै बहिष्कृत समुदायलाई राष्ट्रिय जीवनको मूलधारमा स्थापित गरिने छ । आर्थिक समृद्धिले मात्र जनताको जीवन रूपान्तरण गर्न सक्दैन, जबसम्म वितरण प्रणाली न्यायपूर्ण हुँदैन । त्यसैले देशको स्रोत, साधन र शक्तिमा सबै नागरिकहरूलाई समान अवसर, सामाजिक सुरक्षा र समन्यायिक पहुँच सुनिश्चित गरिने छ । पुँजीवादी व्यवस्थामा पनि समृद्धि सम्भव छ, तर यसले सामाजिक आर्थिक विभेद, अवसरमा असमानता र सम्पत्तिको केन्द्रीकरणलाई गहिर्‍याउँछ । त्यस्तो समाजमा सम्पन्न र विपन्नबिच ठूलो खाडल रहेको हुन्छ । मजदूर, किसान, बौद्धिक पेसाकर्मीलगायतका श्रमजीवी वर्ग र उत्पीडित राष्ट्रियताहरूलाई उत्पादनका साधनहरू र राजकीय शक्तिबाट वञ्चित गरिने हुँदा तिनीहरूले अभावको जिन्दगी बाँच्नुपर्ने हुन्छ । समाजवादको लक्ष्य केवल आर्थिक विकास होइन, गरिमायुक्त जीवन, अवसरमा समानता र समन्यायिक समृद्धिमा आधारित समाज निर्माण गर्नु अर्थात समतामूलक समृद्धि हासिल गर्नु हो । त्यसैले तिनीहरूको सशक्तिकरण गर्नु समाजवादी व्यवस्थाको रणनीतिक महत्त्वको काम हुने छ ।

**६.६ सुशासन र सदाचार**

नेपालको राज्ययन्त्रहरू सुशासन र सदाचारको दृष्टिले कमजोर र प्रभावहीन छन् । राजनीतिक दल, कर्मचारीतन्त्र, न्यायपालिका, सुरक्षा निकायलगायतका राज्यका संयन्त्रहरू संस्थागतरूपमै भ्रष्टाचारको बाहक बनेका छन् । देशमा उद्यमशील पुँजीवादको सट्टा राजनीतिज्ञ, उच्चपदस्थ कर्मचारी र ठूला व्यवसायीहरूबिचको मिलोमतोमा सम्पत्ति आर्जन गर्ने बिचौलिया (क्रोनी) पुँजीवाद फष्टाइरहेको छ । नियुक्ति, सरुवा, ठेक्का, अनुदान वा योजना छनोटमा निष्पक्षताको अभावले राज्यसंयन्त्रको विश्वसनीयता घटेको छ । सार्वजनिक सेवामा इमान्दारिता, पारदर्शिता र उत्तरदायित्वको भावना मजबुत हुन सकेको छैन । नीति निर्माणदेखि बजेट कार्यान्वयनसम्मका प्रक्रिया जनताका लागि अपारदर्शी र पहुँचविहीन छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परीक्षण कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग जस्ता संवैधानिक निकायहरूमा समेत भागबन्डा हावी छ, जसले तिनीहरूको विश्वसनियता र प्रभावकारिता कमजोर भएको छ । यी समस्याहरूको समाधान गर्दै सार्वजनिक सेवामा सुशासन र सदाचार कायम गर्न तथा भ्रष्टाचार, सत्ताको दुरुपयोग र अनुचित कार्यहरूको निरन्तर निगरानी, छानबिन र कारबाहीको सिफारिस गर्न स्वतन्त्र र निष्पक्ष जनलोकपाल संस्थाको स्थापना गरिने छ । यसबाट पारदर्शिता, जवाफदेहिता, कानूनी शासन, सार्वजनिक उत्तरदायित्व र प्रभावकारी सेवा प्रवाहको आधारमा जनउत्तरदायी शासनको मार्ग प्रशस्त हुने छ ।

**६.७ समानुपातिक समावेशीकरण र निर्वाचन प्रणाली**

समानुपातिक समावेशीकरण भन्नाले राज्यका नीति निर्माण र कार्यान्वयन प्रक्रियामा सम्पूर्ण समुदायलाई जनसङ्ख्याको अनुपातमा समानुपातिक प्रतिनिधित्व दिने व्यवस्था हो । यसअन्तर्गत आदिवासी जनजाति, मधेसी, थारु, खस, आर्य, शिल्पी/दलित, मुस्लिमलगायतका सबै जाति/समुदायहरूलाई जनसङ्ख्याको अनुपातमा राज्यका सबै अङ्ग, तह र निकायहरूमा प्रतिनिधित्वको व्यवस्था गरिने छ । महिलाहरूलाई न्युनतम ३३ प्रतिशत प्रत्याभूत हुने व्यवस्थाका साथै समानुपातिक प्रणालीबाट प्रतिनिधित्व हुन नसकेका अल्पसङ्ख्यक तथा सीमान्तकृत समुदाय, अपाङ्गता भएका र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूलाई राज्यका अङ्गहरूमा आरक्षणको व्यवस्था गरिने छ । चुनावका लागि नेपालमा समानान्तर मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । यसअन्तर्गत पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा निर्वाचन जित्न करोडौं खर्च गरेर चुनाव जित्ने र सत्तामा पुगेपछि त्यसको व्याजसहित असूल गर्ने प्रवृत्ति बढ्दो छ । यस्तो व्यवस्थामा श्रमजीवी, गरिव, महिला, शिल्पी/दलित तथा अल्पसङ्ख्यक समुदायहरू निर्वाचन नै लड्न सक्दैनन् । समानुपातिक प्रतिनिधित्वका लगि अपनाइएको बन्द सूची प्रणालीतर्फ पनि ठेकदार र पुँजीपतिहरूलाई टीकट बेच्ने, योग्य र क्षमतावानभन्दा आफू निकट व्यक्तिहरूलाई प्राथमिकतामा राख्ने जस्ता विकृति-विसङ्गतिहरू देखिएका छन् । यस्ता विकृति- विसङ्गतिहरू हटाउन सबै तहका निर्वाचनहरूमा खुला सूचीप्रणालीमा आधारित पूर्ण समानुपातिक निर्वाचन प्रणाली अबलम्बन गरिने छ, जसअनुसार उम्मेदवारहरूलाई जनताले प्रत्यक्ष मतदान गरेर चुन्न पाउने छन् । त्यसरी नै सार्वजनिक प्रशासन, कर्मचारीतन्त्र, सेना, प्रहरीलगायत राज्यका सबै अङ्गहरूमा पनि जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिने छ ।

**६.८ लोक कल्याणकारी राज्य र सामाजिक सुरक्षा**

सङ्घीय समाजवादी व्यवस्थामा राज्य लोककल्याण र सामाजिक सुरक्षाको संयन्त्र हुने छ । गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता र सामाजिक सुरक्षालाई सबै नागरिकका मौलिक अधिकारका रूपमा सुनिश्चित गरिने छ । जीवनका न्यूनतम आवश्यकताहरू पूरा गर्न असमर्थ बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त, असहाय, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, लोपोन्मुख तथा सीमान्तकृत समुदायहरू, बेरोजगार, विपन्न र गरिब नागरिकहरूलाई राज्यले सामाजिक सुरक्षा प्रदान गर्ने छ । वृद्ध, अशक्त र असहायको संरक्षणको पूर्ण दायित्व राज्यको हुने छ । यस प्रकारको समाजवादी व्यवस्था समतामूलक समृद्धि र सामाजिक न्यायमा आधारित, लोककल्याणकारी राज्य निर्माण गर्ने लक्ष्यले सञ्चालित हुने छ । समाजवादी प्रणालीले नागरिकहरूबिच अवसरको समानता, सम्पत्तिको न्यायसङ्गत वितरण र जीवनका आधारभूत आवश्यकताहरू पूरा गर्न नसक्ने सबै समूहहरूलाई सामाजिक सुरक्षा प्रदान गरी समावेशी र दिगो विकास सुनिश्चित गर्ने छ । जनताको अभिभावक र संरक्षकको रूपमा देशका सबै नागरिकहरूको गरिमायुक्त जीवन, आत्मसम्मान र आधारभूत आवश्यकताहरू पूरा गर्नु राज्यको जिम्मेवारी हुने छ ।

**६.९ पर्यावरणीय संरक्षण र सन्तुलन**

विश्वव्यापी औद्योगिकीकरण, रासायनिक तथा आणविक हतियारको होड, हरितगृह ग्यास उत्सर्जन र जलवायु प्रदूषणका कारण विश्वमा तापक्रम वृद्धि भई मानवसामु विनाशकारी डढेलो, उष्णवायु, आँधी, तुफान, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमताल विष्फोट, सुख्खा जस्ता प्राकृतिक विपदको जोखिम बढिरहेको छ । यस्ता वातावरणीय सङ्कटबाट मानव जीवन, जैविक विविधता र जलबायु सन्तुलनमा गम्भीर असर परेको छ । शक्ति राष्ट्रहरूको नाफामुखी विकासले मानव सभ्यता र पृथ्वीको प्राकृतिक अवस्थालाई नै जोखिममा पारेको छ । नेपाल जटिल भूगोल, हिमाली वातावरण र जैविक सम्पदाले सम्पन्न अत्यन्त संवेदनशील क्षेत्रमा पर्ने मुलुक हो । त्यसैले नेपालले जलवायु न्यायको विषयमा विश्वव्यापी अभियान चलाउने छ । सङ्घीय समाजवादी व्यवस्थामा राज्यले हरित प्रविधि, जलवायु अनुकूलन र कार्बन न्यून अर्थतन्त्रको विकासलाई प्रोत्साहन गर्ने छ । विकासका परियोजनाहरू वैज्ञानिक तथा स्थानीय ज्ञानको संयोजनमा आधारित रही दिगोरूपमा अघि बढाइने छन् । सबै ठूला परियोजनामा वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिने छ । जलवायु परिवर्तनबाट बढी प्रभावित क्षेत्र र त्यहाँका आदिवासी जनजाति तथा स्थानीय समुदायको संरक्षणमा विशेष ध्यान दिइने छ ।

**६.१० बहुलतायुक्त राष्ट्रवाद र राष्ट्रिय एकता**

नेपाल जातीय, भाषिक, धार्मिक, साँस्कृतिक र भौगोलिक दृष्टिले विविध राष्ट्रियताहरूको साझा राज्य हो । तर यहाँ गोर्खा राज्य विस्तारदेखि सत्ताको बागडोर सम्हाल्दै आएका शासकहरूले एकातिर एकल जातीय राष्ट्रवादलाई नै देशको राष्ट्रियताको रूपमा परिभाषित गरे भने अर्कातिर देशको राष्ट्रियतालाई स्वाधीनता र बाह्य हस्तक्षेपसँग जोडेर हेर्ने एकाङ्गी दृष्टिकोण विकसित गरे । यो दृष्टिकोण देशको सामाजिक तथा सांस्कृतिक बहुलतालाई अस्वीकार गर्ने दृष्टिकोण हो । सङ्घीय समाजवादी व्यवस्थाले देशभित्र रहेका सबै राष्ट्रियताहरूको पहिचान, समान अधिकार र न्यायोचित सहभागितालाई सुनिश्चित गर्दै बहुलतायुक्त राष्ट्रवादको विकास गर्ने नीति अवलम्बन गर्ने छ । विविधताभित्रको एकतालाई राष्ट्रिय एकताको कडी मानेर सङ्घमा साझा राष्ट्रियता र प्रदेशहरूमा प्रादेशिक राष्ट्रियताको मान्यता स्थापित गरी 'राज्यभित्र राज्य र राष्ट्रभित्र राष्ट्र' को सङ्घवादको सिद्धान्त आत्मसात गर्ने छ । यसले नेपालका सबै राष्ट्रियताहरूमा देशभक्तिको भावना जागृत गराउँदै बहुलतायुक्त राष्ट्रवादलाई संस्थागत गर्ने छ । साथै नेपालका सबै राष्ट्रियताहरूको एकता नै नेपालको राष्ट्रिय एकता हो भन्ने धारणालाई मजवुत बनाउने छ ।

उपरोक्त १० विशेषताका साथै सङ्घीय समाजवादका चार प्रमुख आदर्शको रूपमा सङ्घीयता, सुशासन, समृद्धि र समाजवादलाई पार्टीले अङ्गीकार गर्ने छ ।

**७. पार्टी निर्माणको दिशा र सङ्गठनात्मक सिद्धान्त**

*पार्टी निर्माणको दिशा जनतामा आधारित कार्यकर्ता पार्टीको निर्माण हो ।* यसको सारपक्ष यसले अवलम्बन गर्ने विचार र सिद्धान्त हुन् । कुनै पनि सिद्धान्त सङ्गठनमा, कार्यशैलीमा, जीवनशैली र संस्कृतिमा अभिव्यक्त हुन्छ । सङ्गठनात्मक सिद्धान्त पार्टीले अवलम्बन गर्ने राजनीतिक मार्गदर्शन भन्दा अलग हुँदैन । हाम्रो पार्टीको सङ्गठनात्मक सिद्धान्त लोकतान्त्रिक अकेन्द्रीकरण हो । लोकतन्त्र र अकेन्द्रीकरण यसका दुई महत्त्वपूर्ण पक्षहरू हुन् । लोकतन्त्र विचारको स्वतन्त्रता र पार्टी निर्णयको कार्यान्वयनमा एकरुपतासँग सम्बन्धित सवाल हो भने अकेन्द्रीकरण प्रत्येक तहको समितिलाई आफ्नो क्षेत्राधिकारभित्रका विषयमा निर्णय गर्ने र कार्यान्वयन गर्ने अधिकारसँग सम्बन्धित सवाल हो । सामान्यतः लोकतान्त्रिक अकेन्द्रीकरणको सिद्धान्तभित्र निम्न कुराहरू अर्न्तनिहित छन् ।

१. पार्टीको सार्वभौमसत्ता पार्टीका कार्यकर्ता/सङ्गठित सदस्यहरूमा निहित,
२. पार्टी सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्व प्रणालीको आधारमा सञ्चालन,
३. केन्द्र, प्रदेश र स्थानीय निकायहरूमा पार्टीको शक्ति बाँडफाँट,
४. व्यक्तिद्वारा सङ्गठनको र सङ्गठनद्वारा महाधिवेशनको निर्णय पालना,
५. अल्पमतद्वारा बहुमतको निर्णय पालना र बहुमतद्वारा अल्पमतको सम्मान,
६. तल्लो समितिद्वारा माथिल्लो

बाँकी पृष्ठ ६ मा

# मधेशको जल संकट कसरी हुन्छ समाधान ?



ई.कौशल गोपालवंशी

मधेशलाई नेपाल सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्नु भयो । यो वर्ष खडेरी लागेर होला नेपाल सरकारले यसलाई संकटग्रस्त क्षेत्र घोषणा गर्नु भयो । म मधेशीको हाल सालै ५ ओटा जिल्लाको भ्रमण गर्दा मधेशमा अधिकतम ५% रोपाई पनि भको छैन भन्ने लाग्दैछ । प्रधानमन्त्रीज्युले तत्काल ५०० डिप बोरिङ गरेर समस्या समाधान हुने सार्वजनिक अभिव्यक्ति दिनु भएको छ ।

आजको लेखमा पानी हाहाकार हुनुको समस्या तथा यसको दिगो समाधानका उपायहरुको बारेमा चर्चा गर्ने छु ।

तराई क्षेत्रको पानीको स्रोतको बारेमा बुझ्नका लागि चुरेक्षेत्र नबुझी यो केवल एक पौराणिक कथा मात्र हुने छ । चुरे तराईको रिचार्ज जोन हो भन्ने तथ्य हो भन्ने कुरा सबैलाई अवगत नै छ । तराईको जमिनमुनिको पानीको लेयरको मुख्य स्रोत नै चुरे क्षेत्र रहेको छ । ठूला-ठूला बोल्डर, मेडियम साइजको ग्राभेलले बनेको चुरे क्षेत्र सतहमा परेको पानीले सजिलै फिल्टर भई अन्डरग्राउण्ड फ्लो भई मधेशको जमिन मुनिको लेयरमा पुग्दछ । यो पानी यसरी नै फ्लो भएर भारतको बिहारमा रहेका मुख्य नदीहरुमा पनि मिल्न पुग्छ । मधेशमा हुने पानीको प्राकृतिक स्रोत नै यहि हो । त्यसैले मधेशको पानीको स्रोत जोगाउनका लागि चुरे संरक्षण नगरी नहुने देखिन्छ । गर्मीयाममा मधेशको चापाकल सुख्नु भनेको रिचार्ज जोनबाट लेयर रिचार्ज नहुनु हो ।

चुरे क्षेत्रमा संघीय सरकारको हस्तक्षेपको आवश्यकता ?

चुरे संरक्षणको सम्पूर्ण जिम्मेवारी संघीय सरकारले नै लिनु पर्छ । मैले चुरे धेरै क्षेत्रमा भएको स्थानीय सरकारको मुख्य आय भनेको कुनै जंगलको फडानी, चुरेमा भएको खोलानालामा भएको प्राकृति स्रोत र साधनको मैनमर्जी उत्खनन् तथा निकासी नै देखेको छु । तसर्थ चुरे दोहन रोक्नका लागि स्थानीय सरकार माथी हस्तक्षेपको आवश्यकता रहेको छ ।

मधेशमा नगण्य मात्रा हुने बृक्षरोपन ?

म अहिलेसम्म कुनै स्थानीय सरकार/बडाले ग्रीन भिलेज बनाउने योजना लागू गरेको देखेको छैन, देखेको छु त खाली कन्कृटको ढलान सडक त्यो पनि कुनै ईन्जिनियरिङ नर्मस अनुशरण नगरेको पक्की सडकले विचित्र मधेश ।

सार्वजनिक सम्पत्तिको कब्जामा व्यस्त छन् राजनीतिकर्मी ?

मधेशमा भएको वन जंगललाई फडानी गरेको जमिन हत्याउने प्रपञ्चमै व्यस्त छन् राजनीतिकर्मी, यो ठोस तथ्यको रुपमा अहिले विवादमा रहेको भुमि सम्बन्धि अध्यादेशलाई लिन सकिन्छ ।



डिप ट्युबवेल दूरगामी समाधान होइन ?

डिप ट्युबवेलले पानी ल्याउने होइन यसले भएको पानी तानेर बाहिर ल्याउने मात्र हो । अर्थात एकै पटक ८ जिल्लामा २००० डिपबोरिङ गरेर पानी तान्यो भने जमिनमुनि रहेको सबै संचित सुक्नु नै हो । यो एक अस्थायी समाधान मात्र हो । हामी चुरे रिचार्ज जोनलाई सुरक्षित संरक्षण नगरी तराईबाट डिप ट्युबवेलले पानी मात्र तान्यो भनेको अगामी ५ बर्षमा मधेश/तराई मरुभूमि हुनेमा कुनै द्विविधा छैन ।

दूरगामी समाधान के हो ?

मधेशमा बढ्दै गइरहेको पानीको समस्यालाई नीतिगत, वैज्ञानिक माध्यमले विभिन्न चरणहरुलाई अनुशरण गरेर समाधान गर्न सकिन्छ । यसका लागि तलका उपायहरुलाई एकैपटक लागू गरेर समाधान गर्न सकिन्छ ।

१) बृक्षरोपणको अभियान चलाउने ।

२) पुर्व-पश्चिम राजमार्गमा रहेको बस्तीमा रहेको जथाभावी डिप बोरिङलाई बन्द गर्नुपर्ने ।

३) चुरेसहित तराई/मधेश क्षेत्रमा रिचार्ज जोनको निर्माण गरिने ।

४) कोशी/गण्डक/कर्णाली नदीमा ड्याम बनाएर पूर्व-पश्चिम राजमार्गमा रहेको बस्तीमा पानी वितरण गर्ने तथा राजमार्गमा रहेको खहरेखोलालाई प्राकृतिक नहर बनाई डाउनस्ट्रीममा सिचाइ गर्न सकिन्छ । यसरी गर्दा कम खर्चमा सबै गाउँमा खोलालाई नहरको रुपमा प्रयोग गरि सिचाइ लगायत पानीको लेयरलाई रिचार्ज पनि गर्न सकिनेछ ।

५) अस्थायी समाधानका लागि डिप बोरिङभन्दा क्लाउड सिडिङ्ग गर्दा हामीले जमिनमुनिको संचित पानीलाई भविष्यका लागि सुरक्षित राखी आकाशको पानी प्रयोग गर्दा राम्रो हुन्छ ।

## अदालतको अवहेलना गर्ने र विकास रोक्नेलाई कारवाही हुनुपर्छ : मेयर साह



रौतहट । रौतहटको मौलापुर नगरपालिकाको आइटी चौकको सडक कालोपत्रे भएको छ । बर्षौंदेखी सो सडक कालोपत्रे गर्न नदिन अवरोध गरिनुका साथै षडयन्त्र भइरहेको थियो । अदालतको आदेशपछि पनि सडक कालोपत्रे गर्न नदिई अवरुद्ध गर्ने प्रयास भएपछि स्थानीयबासिन्दा, समाजसेवी, प्रहरी, प्रशासनको सहयोगमा सो सडक कालोपत्रे भएको हो ।

मौलापुर नगरपालिका मेयर रिनाकुमार साहले लामो समयको प्रयास र उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजको आदेशपछि स्थानीय, समाजसेवी, प्रहरी प्रशासनको सहयोगमा सडक कालोपत्रे भएको जनाएकी छन् ।

‘हामीले सडक कालोपत्रे गर्न खोज्दा अवरोध गर्ने, षडयन्त्र गरेर रोक्ने काम विगतजस्तै भयो । अदालतको आदेश पनि नमान्ने र सडक कालोपत्रे अवरोध गर्नेलाई कारवाही हुनुपर्छ । तर यहाँ उल्टै प्रचार गरेर षडयन्त्र गर्न खोजेपनि उनीहरु सफल भएनन्,’ मेयर साहले भनिन् ।

बिहीबार सो सडक कालोपत्रे गर्न खोज्दा एक नामधारी पत्रकारले अदालतको आदेश अवहेलना गर्ने, रोक्ने, अवरुद्ध गर्ने काम गर्न थालेपछि स्थायीले लखेटेका थिए । लखेटने बेलामा स्थानीयसंग धकेलाधकेली समेत भएको थियो । तर ति पत्रकारले आफूलाई कुटपिट गरेको भन्दै अपवाह फैलाउदै नेपाल पत्रकार महासंघलाई समेत गुमराहमा पारेर कुटपिट भएको भन्दै विज्ञप्ती निकाल्न लगाए ।

‘पत्रकार भनेपछि के अदालतको आदेश विपरित जान मिल्छ ? अदालतको आदेश मान्नु पर्दैन ? विकास विरोधी कुरा गर्न मिल्छ ? विकासका काम रोक्न मिल्छ ? अदालतको आदेश कार्यान्वयन गर्दै विकासका काम अगाडी बढाउनमा सहयोग गर्नु र अदालतको आदेश नमान्नेको बारेमा जनतालाई जानकारी गराउँनु पर्नेमा उल्टै विकास विरोधी गतिविधि गर्ने र त्यस्तो कार्यमा मलजल गर्नुलाई प्रशासनले कारवाही गर्नुपर्ने हो,’ मेयर साहले भनिन् ।

यसैबीच, आम जनता पार्टी (आजपा)का रौतहटका अध्यक्ष नरेश प्रसाद तुरहाले जनतामा भ्रम फैलाउने उदेश्यले नियोजित र प्रायोजित रुपमा काम गर्नेलाई कारवाही गर्नुपर्ने माग गरे । विपक्षीको इशारा र आर्थिक स्वार्थका लागि काम गर्नेलाई स्थानीयले नै लखेको बताउदै उनले त्यस बिषयलाई अतिरञ्जित गर्न खोजेकोमा त्यसबाट सचेत रहन आग्रह समेत गरेका छन् ।

यस्तै, आजपा निकटको आम विधार्थी मोर्चाका अध्यक्ष विवेक साहले नेपाल पत्रकार महासंघ एसोसियट प्रदेश समितिले जारी गरेको प्रेस बिज्ञप्तीप्रति ध्यानाकर्षण भएको जनाएका छन् । बिज्ञप्तीमा आजपा अध्यक्ष एवं सांसद प्रभु साह सहित आफूसहितको नाम जोडेर तथ्यहीन, एकपक्षीय र नियोजित आरोप लगाइएकोमा साहले खण्डन गरेका छन् ।

‘उक्त बिज्ञप्तीमा उठाइएको शारीरिक आक्रमणको आरोप पूर्ण रुपमा मनगढन्ते, भ्रमपूर्ण र पूर्वनियोजित चरित्र हत्या अभियानको एक हिस्सा हो । केही स्वार्थी राजनीतिक व्यक्ति र तिनका संरक्षणमा रहेका व्यक्तिहरुले पत्रकारिता जस्तो गरिमामय पेशालाई ढाल बनाएर मेरो सामाजिक, राजनीतिक र व्यवसायीक छविलाई धुमिल पार्न खोजिएको यो कदम अत्यन्त निन्दनीय छ,’ विधार्थी मोर्चाका अध्यक्ष साहले जारी गरेको बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका

महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

बलान बिहुल गाउँपालिका

सप्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

देवानगन्ज गाउँपालिका

सप्तरी, मधेश प्रदेश

# रूपनगरमा सामुदायिक प्राथमिक विद्यालयका शिक्षकलाई कम्प्युटर तालिम शुरू



सप्तरी । 'सामुदायिक प्राथमिक विद्यालयमा कम्प्यूटर सिकाइ' अभियान अन्तर्गत् प्राथमिक विद्यालयका शिक्षक शिक्षिकाहरूलाई आधारभूत कम्प्यूटर तालिम सुरु भएको छ ।

रूपनगर नन्दराज संग्रौला क्याम्पसका प्रमुख प्राध्यापक दीपक कुमार गजुरेलले क्याम्पसको कम्प्यूटर प्रयोगशालामा सो तालिम शुरू गरेका हुन् ।

सप्तरी जिल्लाको कञ्चनरूप नगरपालिकाका तीन वटा सरकारी प्राथमिक विद्यालयका ११ जना शिक्षिका र एक जना शिक्षक गरी जम्मा १२ जना शिक्षक शिक्षिका उक्त तालिममा सहभागी छन् ।

प्राध्यापक गजुरेलको नेतृत्व तथा निर्देशनमा चल्ने यो दुई महिने आधारभूत कम्प्यूटर तालिम दलित सरोकार मञ्चका कम्प्यूटर प्रशिक्षक अविनाश गजुरेलले सञ्चालन गर्नेछन् ।

'सामुदायिक प्राथमिक विद्यालयमा कम्प्यूटर सिकाइ' नाम दिइएको शिक्षा सुधारका लागि थालिएको यो अभियान रूपनगर नन्दराज संग्रौला क्याम्पस, एक्मी इञ्जिनियरिङ कलेज, काठमाडौँ र दलित सरोकार मञ्चको सहकार्यमा थालिएको जानकारी आयोजकहरूले दिएका छन्।

सरकारी प्राथमिक विद्यालयका शिक्षक शिक्षिकाका साथै ती विद्यालयमा पढ्ने बालबालिकाहरूलाई समेत आधारभूत कम्प्यूटर शीप सिकाइने जानकारी दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवानले दिए ।

एक्मी इञ्जिनियरिङ कलेजले दिएको कम्प्यूटर र दलित सरोकार मञ्चले व्यवस्था गरेको प्रशिक्षकबाट बालबालिकाहरूलाई कम्प्यूटर सिकाउने कार्यक्रम विद्यालय हातामै सञ्चालन गरिनेछ। कम्प्यूटर सिकाइसँगै बालबालिकाहरूलाई अङ्ग्रेजी बोल्न समेत सिकाइनेछ।

कञ्चनरूप नगरपालिका अन्तर्गतका राष्ट्रिय प्राथमिक विद्यालय, पिपरा, भगवती आधारभूत प्राथमिक विद्यालय, कञ्चनपुर र वीरेन्द्र केशरी खेमराज प्राथमिक विद्यालय, धरमपुर गरी तीन वटा सरकारी विद्यालय छनौट गरी यो अभियानमा सामेल गराइएको जानकारी आयोजकहरूले दिएका छन्।

'हाम्रो अभियान भर्खर शुरू भएको छ। पहिलो चरणमा तीन वटा सरकारी विद्यालय मात्र छनौट गरेका छौँ,' एक्मी इञ्जिनियरिङ कलेजका प्रिन्सिपल प्राध्यापक इञ्जिनियर प्रदीप कुमार पौड्याल भन्छन्, 'गाउँका गरीब परिवारका स-साना बालबालिकाहरूलाई कम्प्यूटर सिकाउने हाम्रो यो अभियान यी तीन वटा विद्यालयमा सफल भयो भने यसलाई हामी अझ विस्तार गर्नेछौँ।'

अभियानको अर्को सहयात्री दलित सरोकार मञ्चका कार्यकारी निर्देशक भोला पासवान भन्छन्, 'हामीले थालेको यो अभियानमा अपेक्षित प्रगति गर्न सकियो भने यसलाई आगामी दिनमा अझ विस्तार गर्नुका साथै थप शिक्षकको व्यवस्था गरिनेछ। कार्यक्रमको सफलताका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, समुदाय, जनप्रतिनिधि सबै पक्षको सहयोग चाहिँ जरूरी हुन्छ।'

'चार कक्षामा पढ्ने तर कखरा र बाह्रखरी समेत राम्रो नजान्ने, अत्यन्तै पछाडि परेका यी साना बच्चाहरूलाई कम्प्यूटर सिकाउनुका साथै अङ्ग्रेजी बोल्न समेत सिकाउने हाम्रो उद्देश्य हो,' प्राध्यापक गजुरेल भन्छन् ।

'हामीले गाउँको शिक्षामा एक प्रकारको 'उथल पुथल' ल्याउन खोजेका हौँ,' प्राध्यापक गजुरेलले थपे, 'साह्रै दुखद् र चिन्ताजनक अवस्थामा पुऱ्याइएको छ हाम्रो सार्वजनिक शिक्षाको स्तर। कसैले त शुरू गर्नुपऱ्यो! अर्कालाई गाली गरेर मात्र कति बस्ने? मैले चाहिँ के गरेँ? अन्तरआत्मालाई साक्षी राखेर आफैँलाई सोध्ने बेला भएन प्रत्येक नेपालीले?'

'२०८२ चैत्रमा सकिने यो शैक्षिक सत्रको अन्त्य सम्ममा यी तीन विद्यालय प्रत्येकका कम्तिमा ४-६ जना विद्यार्थीलाई मात्र भए पनि कम्प्यूटर भेट्यो कि चलाइहाल्ने र टाक्क टुक्क अङ्ग्रेजी बोल्न सक्ने बनाउने हाम्रो अहिलेको उद्देश्य हो,' पौड्याल, गजुरेल, र पासवान तीनै जना एक स्वरमा महत्वाकाँक्षी सुनिनु हुन्छ।

बालबालिकाहरूलाई उनीहरूका विद्यालय हातामै दिइने तालिमका लागि आवश्यक कम्प्यूटर एक्मी इञ्जिनियरिङ कलेजले उपलब्ध गराएको छ भने कम्प्यूटर र अङ्ग्रेजी सिकाउने शिक्षकको पारिश्रमिक दलित सरोकार मञ्चले व्यहोर्ने भएको छ।

'गरीबका बच्चाहरू मात्र पढ्ने' पहिचान बनेको तराइको गाउँका सरकारी प्राथमिक विद्यालयमा बाल कक्षादेखि पाँच कक्षा सम्मका बालबालिकालाई कम्प्यूटरको आधारभूत तालिम दिने यस्तो महत्वाकाँक्षी कार्यक्रम संभवत: नेपालमै पहिलो हो।

अभियानको निरन्तर अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी रूपनगर नन्दराज संग्रौला क्याम्पसले पाएको छ। यसका लागि क्याम्पस प्रमुख प्राध्यापक गजुरेलको नेतृत्वमा तीन सदस्यीय समिति निर्माण गरिएको जानकारी क्याम्पसले दिएको छ।

*स्रोत: रूपनगर क्याम्पस फिचर सेवा।*

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौं, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो। 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं।
- साबुन पानीले हात धुनले बानी बसालौं। अरूलाई पनि सिकाऔं।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं।
- उपभोक्ता आचारसंहिता पालना गरौं।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं। अधिकारको पूर्ण उपभोग गरौं।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं।

**मुखियापट्टि मुसहरनिया गाउँपालिका**
धनुषा, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**पिपरा गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**चन्द्रनगर गाउँपालिका**
सर्लाही, मधेश प्रदेश

## सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

**महोत्तरी गाउँपालिका**
महोत्तरी, मधेश प्रदेश



# समाजवादको...

समितिको र सम्पूर्ण समितिद्वारा केन्द्रीय समितिको निर्णय पालना ।

पार्टी भित्र लोकतान्त्रिक अकेन्द्रीकरणलाई बलियो वनाउन प्रत्येक तहको समितिमा अन्तरपार्टी लोकतन्त्रको प्रत्याभूति हुनु पर्दछ । अन्तरपार्टी लोकतन्त्रको सार समितिमा आवद्ध सदस्यहरूको सर्वोच्चता, पार्टीको सार्वभौमसत्ता कार्यकर्ताहरूमा रहने व्यवस्था र आन्तरिक लोकतन्त्रको प्रत्याभूति नै हो । पार्टीभित्र लोकतन्त्रको परिणाम अराजकता र अकेन्द्रीकरणको परिणाम स्वच्छन्दता हुनु हुँदैन । लोकतान्त्रिक अकेन्द्रीकरण पार्टीको सङ्गठनात्मक अनुशासनभित्र अभ्यास हुनु पर्दछ । पार्टीभित्र हुर्कन सक्ने पुँजीवादी चिन्तन, गुटगत गतिविधि र अवसरवादको अन्त्य र पार्टीलाई व्यक्तिवादी, अराजकतावादी, सुविधाभोगी प्रवृत्तिबाट जोगाउन समाजवादी दृष्टिकोण तथा क्रान्तिकारी जुझारुपनाका साथै पार्टी अनुशासनको पालना आवश्यक छ ।

**८. नेपाली समाजको समृद्धिका लागि पार्टीको नीति तथा कार्यक्रम**

पार्टी नीति तथा कार्यक्रम पार्टीको वैचारिक-राजनीतिक लक्ष्यहरूको सामग्रिक योजना हो । नेपाली समाजको प्रगतिशील रूपान्तरणको माध्यमबाट नेपाललाई एकाइसौँ शताब्दीको समृद्ध सङ्घीय समाजवादी मुलुकमा परिणत गर्नु हाम्रो ऐतिहासिक अभिभारा हो । त्यसैका लागि पार्टीले राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक हरेक क्षेत्रमा राज्य सञ्चालनको आधारभूत नीति र कार्यक्रम अगाडि सार्नु पर्दछ । वर्तमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सङ्घीय समाजवादी गणतन्त्रमा रूपान्तरण गर्ने रणनीतिक लक्ष्य प्राप्तिका लागि पार्टीको नीति तथा कार्यक्रम निम्नानुसार सूत्रवद्धरूपमा प्रस्तुत गरेका छौं ।

**८.१ राजनीतिक कार्यक्रम**

**८.१.१ राज्य व्यवस्था**

- प्राप्त राजनीतिक उपलब्धिहरूको रक्षा, सुदृढीकरण र विकास गर्दै नेपाललाई स्वतन्त्र, स्वाधिन, अविभाज्य, विभेदरहित, लोकतान्त्रिक, धर्मनिरपेक्ष, सङ्घीय समाजवादी गणतन्त्रात्मक राज्य बनाउने ।
- नेपालको सार्वभौमसत्ता सङ्घ र प्रदेशमा विभाजित हुने । सङ्घीय, प्रादेशिक, विशेष संरचना तथा स्थानीय तहका राज्य व्यवस्था परस्पर सहयोगमा आधारित सहकारी सङ्घीयताको मान्यताअनुरूप सञ्चालन हुने ।
- शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा सबै तहको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र संवैधानिक अङ्गहरू सञ्चालन हुने ।
- सङ्घमा दुई सदनात्मक तथा प्रदेश र विशेष संरचनाहरूमा एक सदनात्मक व्यवास्थापिकासभा हुने ।
- स्थानीय तहको निर्वाचन गैरदलीय आधारमा सम्पन्न गर्ने ।
- राज्यका सबै अङ्गहरूमा जातीय/सामुदायिक जनसङ्ख्याको आधारमा समानुपातिक समावेशी हुने ।
- लोक सम्प्रभुता स्थापित गर्ने ।
- खुल्ला सूचीमा आधारित समानुपातिक निर्वाचन प्रणालीको आधारमा सबै तहको निर्वाचन हुने व्यवस्था गर्ने ।
- संयुक्त राष्ट्र सङ्घको बडापत्र, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारसम्बन्धी महासन्धिलगायत नेपाल पक्ष भएका सबै अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अनुबन्धहरू कार्यान्वयन गर्ने ।

**८.१.२ शासकीय स्वरूप**

- प्रत्यक्ष लोकतन्त्रको मान्यताअनुरूप सङ्घमा वालिग मताधिकारमा आधारित जनताद्धारा निर्वाचित कार्यकारी राष्ट्रपति हुने छ भने प्रदेशहरूमा मुख्यमन्त्री तथा विशेष संरचना र स्थानीय तहहरूमा त्यहाँको कार्यकारी प्रमुख पनि वालिग मताधिकारको आधारमा प्रत्यक्ष निर्वाचित हुने ।
- कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी राष्ट्रपति हुन नपाउने ।
- राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग, प्रदेश र जातिको हुने व्यवस्था गर्ने ।
- राष्ट्रपतिले समावेशीरूपमा प्रधानमन्त्रीसहितको मन्त्री परिषद बनाउने ।
- शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप सांसदहरू कानुन निर्माणमा केन्द्रित हुने । मन्त्रीहरू विज्ञ राजनीतिकर्मी र विशेषज्ञहरू मध्येबाट नियुक्त गर्ने ।
- कार्य क्षमताको अभाव र खराब आचरण भएको वस्तुनिष्ठ आधार र कारणहरू भएमा सबै तहका सरकारका पदाधिकारीहरूमाथि प्रत्याह्वान गर्न वा महाभियोग लगाउन सकिने व्यवस्था गर्ने ।

**८.१.३ उत्पीडित राष्ट्रियताहरूको पहिचान र अधिकार**

**१. आदिवासी जनजाति**

- आदिवासी जनजातिहरूलाई विभिन्न सङ्घीय प्रदेश, स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्रहरूमा सङ्गठित हुने तथा आफ्नो राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्र- २०१३ अनुसार आत्मनिर्णयको अधिकार हुने ।
- आइएलओ महासन्धि- १६९ अनुसार जल, जमिन, जङ्गललगायतका प्राकृतिक स्रोत साधनहरूको प्रयोग, व्यवस्थापन र लाभको वितरणमा अग्राधिकार हुने ।
- ठूला ठूला परियोजनाहरू सञ्चालन गर्दा त्यहाँका आदिवासी जनजाति तथा स्थानीय समुदायलाई स्वतन्त्र, पूर्व सुसुचित मन्जुरी (FPIC) को हक हुने ।
- आदिवासी जनजातिलाई आफ्नो भाषा, धर्म, संस्कृति र पहिचान संरक्षणका साथै समानुपातिक समावेशीकरणको हक हुने ।
- अल्पसङ्ख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदायलाई राष्ट्रिय पहिचानको आधारमा संरक्षणको विशेष अधिकार हुने ।

**२. मधेसी**

- मधेसी समुदायको राष्ट्रिय पहिचान र अधिकार प्रत्याभूति गर्ने ।
- मधेसी समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका निम्ति संयुक्त राष्ट्रसङ्घको घोषणाअनुसार आत्मनिर्णयको अधिकार हुने ।
- विगत लामो समयदेखि मधेसी जनतामाथि थोपरेका सबै प्रकारका विभेद र उत्पीडनहरूलाई अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गर्ने ।
- निजामति सेवा, सेनालगायत सबै राष्ट्रिय निकायहरूमा मधेसी समुदायलाई समान अवसर तथा जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशीकरण गर्ने ।
- पिछडा वर्गलाई आरक्षणको माध्यमबाट राज्यका सबै तह र निकायमा सहभागी गराउने ।

**३. खस र आर्य**

- ऐतिहासिक पृष्ठभूमिको आधारमा खस र आर्यको अलग राष्ट्रिय पहिचान स्थापित गर्ने ।
- खस समुदायलाई आफ्नो ऐतिहासिक थलोमा स्वायत्त प्रदेशमा सङ्गठित भई राजकीय तथा सार्वजनिक मामिलामा आत्मनिर्णयको अधिकार हुने ।
- खस र आर्य समुदायलाई अलग अलगरूपमा राज्यका अङ्गहरूमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्ने ।
- पिछडिएको क्षेत्रका जनतालाई विकासको स्तर औसत राष्ट्रिय स्तरमा पुऱ्याउनका लागि राज्यले विशेष नीति तय गर्ने ।
- सिँजा उपत्यकालाई खस सभ्यताको केन्द्रको रूपमा विकास गर्ने ।

**४. शिल्पी/दलित**

- सामन्ती वर्णवादी राज्यसत्ताद्वारा तथाकथित दलित बनाईएका शिल्पी समुदायको सम्मानजनक पहिचान स्थापित गर्ने ।
- शिल्पी समुदायलाई स्वायत्त प्रदेश सरहको गैरभौगोलिक विशेष प्रदेशको अधिकारका साथै राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व र विशेष अधिकारको व्यवस्था गर्ने ।
- नेपाललाई जातीय छुवाछुतमुक्त राष्ट्र घोषित गरिसकेको सन्दर्भमा धर्म र संस्कृतिका नाममा हुने छुवाछुतलाई दण्डनीय मानवीय अपराधको रूपमा लिँदै त्यसको अन्त्यका लागि प्रभावकारी कानुन बनाउने ।
- छुवाछुत पीडित व्यक्तिले कानुनबमोजिम सम्बन्धित व्यक्तिबाट क्षतिपूर्ति पाउने व्यवस्था गर्ने ।

**५. मुस्लिम**

- मुस्लिम समुदायको पहिचानको अधिकार सुरक्षित गर्दै मुस्लिमहरूको वाहुल्यता रहेको स्थानहरूमा स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र वा विशेष क्षेत्र गठन गर्ने ।
- मुस्लिमहरूको हक, हित र अधिकार संरक्षणका लागि राज्यका सबै अङ्गमा समानुपातिक प्रतिनिधित्व र विशेष अधिकारको व्यवस्था गर्ने ।
- मुस्लिम समुदायका धार्मिक तथा सांस्कृतिक अधिकारहरूको जगेर्ना र उनीहरूका सांस्कृतिक सम्पदाहरूको सुरक्षा गर्न विशेष कार्यक्रम लागू गर्ने । मुस्लिम समुदायका धार्मिक महत्त्वका स्थल, वस्तु, मस्जिद आदिको संरक्षण गर्ने ।
- मदरसा शिक्षालाई राष्ट्रिय शिक्षासँग समन्वय गर्ने र त्यसको गुणस्तर बृद्धिका लागि मदरसा शिक्षा बोर्ड गठन गर्ने ।
- समय सापेक्ष हज कानुन निर्माण गरी स्थायी हज समिति गठन गर्ने ।

**६. थारु**

- आदिवासी थारुलाई आफ्नो सघन उपस्थिति रहेको ऐतिहासिक थातथलोमा राजकीय तथा सार्वजनिक मामिलामा आत्मनिर्णयको अधिकार हुने ।
- संयुक्त राष्ट्रसङ्घको आदिवासी जनजाति अधिकारसम्बन्धी घोषणापत्र- २०१३ बमोजिम राष्ट्रिय पहिचान र अधिकार तथा आइएलओ महासन्धि- १६९ ले प्रदान गरेको स्वतन्त्र, पूर्व सुसुचित मन्जुरीको हक हुने ।
- निजामति सेवा, सेनालगायत सबै राष्ट्रिय निकायहरूमा समान अवसर तथा जनसङ्ख्याको अनुपातमा समानुपातिक समावेशीकरणको हक हुने ।
- स्थान विशेषका आधारमा थारुभित्र रहेको विविधतालाई सम्बोधन तथा तिनीहरूको भाषा, धर्म, कला, संस्कृति र सभ्यता संरक्षण गर्ने ।

**८.२ समष्टिगत अर्थतन्त्र**

**८.२.१ आधारभूत अर्थनीति**

- देशको सम्पूर्ण भूमि, प्राकृतिक स्रोत र उत्पादनका साधनहरू सामाजिक कार्यका लागि उपयोग गरिने सार्वजनिक सम्पति भएकाले यस्ता साधनहरू स्थिति हेरी सामुदायिक, सहकारी तथा निजी स्वामित्वमा राख्ने ।
- नेपाली समाज समृद्धिका लागि समाजवादी अर्थ-राजनीतिक दिशा अवलम्वन गर्ने । कर्पोरेट एकाधिकारको जोखिमबाट बचाउन जनकेंन्द्रित स्मार्ट (डिजिटल) अर्थतन्त्र निर्माण गर्ने । कृषि, उद्योग र सेवालगायत सबै क्षेत्रमा कृत्रिम बौद्धिकताको प्रयोग गर्ने ।
- समाजवादी बजार अर्थतन्त्रलाई प्रबर्द्धित गर्ने । पुँजी र बजारलाई समाजप्रति उत्तरदायी बनाउने । सामाजिक, सांस्कृतिक र मानवीय सम्बन्धहरूलाई अनुचित प्रभाव पर्न नदिन राज्यले आवश्यक भूमिका खेल्ने ।
- अर्थतन्त्रलाई गतिशील बनाउन आर्थिक, वित्तीय र मौद्रिक नीतिको सामञ्जस्यपूर्ण ढङ्गले कार्यान्वयन गर्ने । बजेट प्रणालीलाई नीतिगत, संरचनागत तथा कार्यगतरूपमा पुनर्संरचना गर्ने ।
- वित्तीय सङ्घीयताको मान्यताअनुरूप देशको वित्तीय तथा मौद्रिक नीति परिमार्जन गरी कार्यान्वयन गर्ने । वित्तीय तथा मौद्रिक संस्थाहरूको स्वायत्तता र नियमनबिच सन्तुलन कायम गरी सञ्चालन गर्ने । वित्तीय स्रोत साधनहरूको न्यायोचित बाँडफाँट गर्ने ।
- सार्वजनिक, सहकारी/सामुदायिक र निजी क्षेत्रको समन्वयात्मक, सहकार्यात्मक तथा क्रियाशील भूमिकाका आधारमा विकास निर्माणलगायतका समग्र आर्थिक कार्यक्रम सञ्चालन गर्ने । सार्वजनिक-निजी साझेदारीलाई विकासको मेरुदण्डको रूपमा जोड दिने ।
- राष्ट्रिय सुरक्षा, ऊर्जालगायतका पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता महत्त्वपूर्ण सार्वजनिक क्षेत्रलाई सार्वजनिक स्वामित्व वा बलियो राजकीय नियमन, रेखदेखमा ल्याउने । निजी क्षेत्रले उद्योग, व्यापार, पर्यटनका साथै पूर्वाधार निर्माण र विकासमा समेत अहम् भूमिका खेल्ने वातावरण सिर्जना गर्ने ।
- ५ 'ज' (जल, जमिन, जङ्गल, जडीवुटी र जनशक्ति) जस्तो महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग गरी मुलुकलाई तीव्र आर्थिक विकासको बाटोमा डोहऱ्याउने । देशको प्राकृतिक तथा मानवीय स्रोत-साधनको अधिकतम् उपयोग गरी देशबाट गरिवी तथा बेरोजगारी घटाउन ठोस कार्यक्रम सञ्चालन गर्ने ।
- सामुदायिक उत्पादन र व्यवस्थापनप्रणाली, पुँजी निर्माण तथा परिचालन, नयाँ प्रविधिको उपयोग, उत्पादक शक्तिहरूको क्षमता विकास, पूर्वाधार क्षेत्रमा लगानी, सार्वजनिक खर्चको सन्तुलित विनियोजन र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्दै समन्यायिक वितरणमा आधारित आर्थिक नीति अबलम्बन गर्ने ।
- बिकास योजनाहरू तर्जुमा गर्दा तीव्र आर्थिक वृद्धिका साथै समतामूलक समाज निर्माण गर्न जोड दिने । यसका लागि आवधिक योजना तर्जुमा गर्ने ।
- तुलनात्मक लाभका कृषि, जलस्रोत र पर्यटनको अलावा अर्थतन्त्रको चौथो खम्बाको रूपमा सूचना प्रविधिलाई विकास गर्ने । नेपालको मौलिक उत्पादनको विकास र विस्तारका लागि अन्तर्राष्ट्रिय स्तरमा ब्रान्डिङ गर्ने ।
- समताको सिद्धान्तमा आधारित प्रगतिशील कर प्रणाली लागू गर्ने, रोवोट कर वा कृत्रिम बौद्धिकता लाभांश लिई जनतालाई प्रत्यक्ष फाइदा पुऱ्याउने र राजस्व प्रशासनलाई चुस्त, दुरुस्त तथा व्यवसायमैत्री बनाउने ।
- सार्वजनिक प्रशासनमा रहेको दोहरोपना अन्त्य गर्न सङ्घमा मन्त्रालय र प्रदेशमा विभागहरू मात्र रहने गरी कार्य विस्तृतिकरण (Unbundaling) योजना तयार गरी कार्यजिम्मेवारी, जनशक्ति र स्रोत साधनको बाँडफाँट गर्ने ।
- कृत्रिम बौद्धिकता (एआई) लाई सार्वजनिक सम्पतिको रूपमा जनताको हितमा प्रयोग गर्न आवश्यक देशहरूसँग साझेदारी गर्ने । नागरिकहरूले एपमार्फत आफ्ना आवश्यकताको जानकारी दिने व्यवस्था गरी त्यसको आधारमा देशको उत्पादन र समन्यायिक वितरणको योजना बनाउन तथा श्रम र प्रशासनिक कामहरूलाई सहज बनाउन एआईको प्रयोग गर्ने ।
- देशमा सुशासन र सुलभ सेवा प्रवाहका लागि नेपाल राष्ट्र बैंकमार्फत डिजिटल मुद्रा प्रणाली विकास गर्ने ।
- सीमित औद्योगिकीकरण, वैदेशिक रोजगारमा निर्भरता, अनौपचारिक अर्थतन्त्र र भौगोलिक कठिनाइहरूजस्ता विशिष्ट चुनौतीहरूलाई ध्यानमा राख्दै दिगो विकास, रोजगारी सिर्जना र समतामूलक समृद्धिकेन्द्रित नीति तय गर्ने । नवप्रवर्तनको कामलाई प्राथमिकता दिने । अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा बदल्ने ।
- आर्थिक बृद्धिदर उच्च राख्न पुँजी निर्माण तथा परिचालन, नयाँ प्रविधिको उपयोग र विकासका साथै विभिन्न रूप र स्थितिमा रहेका उत्पादक शक्तिहरूको क्षमता विकास एवम् प्रभाव विस्तारमा जोड दिने । शिक्षा र स्वास्थ्य क्षेत्रलाई मानव पुँजीको रूपमा विकास गर्न जोड दिने ।
- कूल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थीर पुँजीको रूपमा विकास गर्ने, २ अङ्कको आर्थिक वृद्धि हासिल गर्ने, २५ वर्षभित्र प्रति व्यक्ति आय विश्वको औषतमा पुऱ्याउने, निरपेक्ष गरिवीको रेखामुनी रहेका जनतालाई गरिवीबाट मुक्त गर्ने र विकसित मुलुकमा रूपान्तरित गर्ने ।
- श्रमजीवी वर्ग तथा उत्पीडित समुदायको हितमा आधारभूत अर्थनीति परिचालन गरिने छ ।

**८.२.२ सङ्घीय विकास नीति र प्रदेशको अधिकार**

- सङ्घीय व्यवस्थामा वित्तिय सङ्घीयताको मान्यताअनुरूप सङ्घ र प्रदेशबिच एक आपसमा विकासमा साझेदारी र सहयोगात्मक सम्बन्ध रहने ।
- राष्ट्रिय सुरक्षा, मौद्रिक नीति, परराष्ट्र नीति, बहुप्रादेशिक स्रोत साधन, ठूला ठूला भन्सार जस्ता रणनीतिक महत्त्वकाबाहेक आफ्ना क्षेत्राधिकारभित्रका कामहरू प्रदेशबाट नै सम्पन्न गर्ने ।
- विकास निर्माणका कामहरू गर्दा सामान्यत सङ्घले दुई वा दुईभन्दा बढी प्रदेशसँग जोडिएका राष्ट्रिय गौरव, रूपान्तरणकारी र रणनीतिक महत्त्वका ठूलाठूला आयोजना तथा कार्यक्रमहरू सञ्चालन गरी मझौला तथा सानासाना आयोजना र कार्यक्रमहरू प्रदेश र स्थानीय तहबाट सञ्चालन गर्ने व्यवस्था गर्ने ।
- प्रदेशभित्र विधायिकी, कार्यकारी र न्यायिक अधिकारसहितको स्वायत्त क्षेत्र, संरक्षित क्षेत्र र विशेष क्षेत्रहरू निर्माण गर्ने ।
- प्रादेशिक विकास र प्राकृतिक स्रोत साधनको साझेदारी र साझा प्रयोगका लागि सबै प्रदेशहरूको प्रतिनिधित्व भएको अर्न्तप्रादेशिक विकास परिषद गठन गर्ने ।
- भौतिक पूर्वाधारको विकासका लागि गुरुयोजना तयार गर्न सबै प्रदेशहरूमा प्रदेश नीति तथा योजना आयोगलाई स्रोत साधनले सम्पन्न बनाउने साथै प्रादेशिक विकास परिषद बनाउने ।
- सङ्घ, प्रदेश र स्थानीय तीनवटै तहलाई देशको राजस्वको ३३ प्रतिशत हिस्सा उपलब्ध गराउने र निश्चित मापदण्डको आधारमा खर्च गर्नुपर्ने व्यवस्था गर्ने ।
- प्रत्येक प्रदेशमा वातावरण मैत्री तथा पहिचानमा आधारित एउटा प्रविधियुक्त स्मार्ट सिटी र एउटा औद्योगिक क्षेत्र स्थापना गर्ने ।
- प्रत्येक प्रदेशमा आआफ्नो विशिष्ट स्थितिअनुरूप सहरी विकासलाई व्यवस्थित गर्न सहरी विकास प्राधिकरण स्थापना गर्ने । प्राधिकरणले स्थानिय तहको समन्वयमा योजना बनाउने र कार्यान्वयन गर्ने ।
- प्रत्येक प्रदेशमा सार्वजनिक निजी साझेदारीमा एउटा प्रदेश विकास बैंकको स्थापना गर्ने ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रको सम्पूर्ण जिम्मेवारी प्रदेश सरकारको हुने व्यवस्था गर्ने । प्रत्येक प्रदेशमा प्रदेशकै व्यवस्थापनमा एउटा विश्वविद्यालय, एउटा चिकित्साशास्त्र अध्ययन संस्थान, अस्पताल र न्यूनतम एउटा प्राविधिक तालिम केन्द्र स्थापना गर्ने ।
- प्रदेशको आन्तरिक मामला तथा विकाससँग सम्वन्धित सम्पूर्ण जिल्ला कार्यालयहरू प्रदेश सरकारको क्षेत्राधिकारभित्र ल्याउने ।
- प्रदेशको शान्ति सुरक्षा प्रभावकारी बनाउन प्रत्येक प्रदेश प्रहरी तथा सार्वजनिक प्रशासनलाई व्यवस्थित गर्न प्रदेश लोक सेवा आयोगलाई स्रोत साधन सम्पन्न गर्ने ।
- बहुप्रादेशिक प्राकृतिक स्रोतको प्रयोग केन्द्र र सम्बन्धित प्रदेशहरूको साझेदारीमा सञ्चालन गर्ने ।
- विकासमा पछाडि परेका प्रदेशका अल्पसङ्ख्यक, सीमान्तकृत र लोपोन्मुख जनताको जीवन स्तर उठाउन विशेष पहल गर्ने ।
- प्रदेशभित्रका राष्ट्रिय निकुञ्जहरू तथा वन्यजन्तु आरक्ष प्रदेश सरकारलाई हस्तान्तरण गर्ने र त्यसको व्यवस्थापन त्यहिँका आदिवासी जनजाति तथा स्थानीय समुदायबाट हुने व्यवस्था गर्ने ।
- प्रत्येक प्रदेशमा एउटा विज्ञान प्रविधि प्रतिष्ठान र एउटा कृषि अनुसन्धान तथा विकास परिषद स्थापना गर्ने । गाउँपालिकाहरूमा कृषि कन्सल्ट्यान्टको व्यवस्था गर्ने ।
- प्रदेश सरकार र निजी क्षेत्रको संलग्नतामा व्यापक जनताको स्वामित्व हुने गरी मध्यम स्तरका जलविद्युत आयोजनाहरू सञ्चालन गर्ने ।
- सहकारी तथा निजी उद्यमीहरूले सञ्चालन गर्न सक्ने साना तथा लघु जलविद्युत आयोजनाहरूलाई स्थानीय तहमार्फत सामुदायिक जलविद्युत आयोजनाको रूपमा सञ्चालन गर्ने । त्यस्ता योजनाहरूलाई सबै सम्भव सुविधाहरू उपलब्ध गराउने ।
- कृषि, सेवा र स्थानीय उद्योगहरूमा सहकारी मोडेल विस्तार गरेर समुदायलाई सशक्त बनाउने र माइक्रोफाइनान्सका माध्यमबाट ग्रामीण उद्यमशीलता प्रवर्धन गर्ने । स्थानीय उत्पादन र उपभोगलाई प्रोत्साहन दिई आयातमा निर्भरता घटाउने ।
- प्रत्येक प्रदेशको राजधानीलाई कम्तिमा एउटा राष्ट्रिय लोकमार्गसँग जोड्ने छोटो र तीब्र गतिमा यातायात चल्न सक्ने सडक निर्माण गर्ने । सहरोन्मुख वस्तिहरूमा सडक सञ्जाल व्यवस्थित गर्ने ।
- प्रत्येक प्रदेशको राजधानीमा एउटा प्रादेशिक विमानस्थल निर्माण गर्ने ।
- विकासका लागि दक्ष जनशक्ति उत्पादन गर्न प्रदेश सरकारले मातृ भाषामा शिक्षा दिने जिम्मेवारी लिने तथा सरकारी कामकाजमा बहुभाषिक नीति अबलम्बन गर्ने ।
- प्रदेशका विशिष्ट प्राज्ञहरूको कृतिलाई अनुवादको माध्यमले अन्तर्देशीय र अन्तर्राष्ट्रिय बनाउने ।
- विभिन्न देशका समान स्तरका प्रदेशसँग केन्द्रको अनुमति लिएर भाइचारा सम्बन्ध विकास गर्ने र विकास निर्माणमा साझेदारी गर्न सक्ने ।

**८.३. आर्थिक क्षेत्र**

**८.३.१ कृषि तथा भूमि व्यवस्था**

- परम्परागत निर्वाहमुखी कृषि अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा प्रबर्द्धन गर्न कृषिमा आधारित उद्योगको विकासलाई प्राथमिकता दिने । कृषि सहकारी तथा कन्ट्राक्ट फार्महरूको विकास गरी खाद्य पदार्थहरूमा आत्मनिर्भर हुने ।
- कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायिकरण गरी गरीबी निवारण गर्न कृषिमा अनुदानको व्यवस्था गर्ने । कृषि उत्पादनको क्षेत्रमा आवश्यक मल, उन्नत बीउ विजन, सहुलियत ऋण, प्राविधिक शिक्षा, सिँचाइलगायतका सेवा-सुविधा सहजरूपमा उपलब्ध गराउनका लागि किसान कार्ड तथा सामाजिक सुरक्षाको वितरणमा पारदर्शिता कायम गर्न ब्लकचेनको व्यवस्था गर्ने ।
- देशभित्रै रासायनिक मल कारखाना स्थापना गर्ने ।
- एआई र प्रविधिद्वारा स्मार्ट खेती सञ्चालन गर्ने । कृषि उत्पादनमा बाली सल्लाह, रोग निवारण प्रणाली, मौसम पूर्वानुमान, बजारको माग अनुसार उत्पादन र वितरण, कृषि ड्रोनका प्रयोग, स्मार्ट सप्लाइ चेन, खेतिपूर्वको तयारी, जलवायु अनुकूलनका बीउ, विधि प्रयोग र माटो विश्लेषणमा एआईको प्रयोग गरी भूमिको उत्पादकत्व बृद्धि गर्ने ।
- कृषि सहकारीमा प्रविधि हस्तान्तरण केन्द्र स्थापना, किसानका लागि मोबाइल एप्समार्फत मूल्य, बजार, मलबिज सूचना, प्रदान गर्ने ।
- सिँचाइ पुऱ्याउन नसकेका खेतीयोग्य भूमिमा नदी पथान्तर (डाइभर्सन) तथा भूमिगत र लिफ्ट सिँचाइको माध्यमबाट दीगो सिँचाइ सुविधा पुऱ्याउने । एआई सेन्सरमार्फत स्वचालित सिँचाइ प्रणाली विकास गरी आवश्यक मात्रामा मात्र पानी खपत हुने प्रणाली विकास गर्ने ।
- भूमिको उत्पादन र उत्पादकत्व बृद्धिका लागि बैज्ञानिक भूमिसुधार एबम् भू उपयोग नीति लागू गर्ने । नदी कटान क्षेत्रलाई तटवन्धन गरी नदी उकास भूभागलाई व्यवस्थितरूपमा प्रयोगमा ल्याउन योजना बनाउने । कृषि मजदुर, मुक्त कमैया, हलिया, भूमिहीन किसान र स्ववासीहरूको आर्थिक, सामाजिक उत्थान र बसोबासको व्यवस्था गर्ने ।
- कृषि बिमाको व्यवस्था गरी प्राकृतिक प्रकोपबाट हुने बालिनालीको जोखिमलाई न्यूनीकरण गर्ने । किसानलाई योगदानमा आधारित पेन्सन योजना अगाडि बढाउने । कृषि बजार र कृषि उत्पादन खरीदको सुनिश्चितता गर्ने ।
- कृषि उपजहरूको आयात प्रतिस्थापन गर्न निर्यातमूलक कृषि उपज तथा जडिबुटीहरूको व्यवस्थित उत्पादन र निर्यात बृद्धिका लागि ठोस काम गर्ने ।
- दुई वा दुईभन्दा बढी किसानहरूको संलग्नतामा चक्लावन्दी गरी सहकारी खेती गर्ने किसानहरूलाई राज्यले प्रोत्साहित गर्ने । कृषिसम्बन्धी सम्पूर्ण सेवाहरू आपूर्ति गर्ने कार्यमा सहकारी संस्थाहरूलाई प्राथमिकता दिने ।

**८.३.२ उद्योग तथा विदेशी लगानी**

- पुँजी, श्रम र उद्यमशीलताको संयोजन गरी देशलाई औद्योगिकरण गर्ने, एआईको प्रयोगलाई प्राथमिकता दिने र स्मार्ट म्यानुफ्याक्चरिङको व्यवस्था गर्ने । सेवा र ज्ञान क्षेत्रको उद्योगहरूलाई जनमुखी र स्तरीय बनाउने ।
- देशको औद्योगिकरणका लागि तुलनात्मक लाभ हुने कृषि, पर्यटन, जलस्रोत र आइटी क्षेत्रका उद्योगमा लगानीलाई प्रथमिकता दिँदै प्राकृतिक स्रोतमा आधारित जडीबुटी प्रशोधन, औषधिजन्य उत्पादन, खनिज, वन पैदावार, कृषिजन्य तथा हस्तकला र परम्परागत उद्योगहरूलाई योजनावद्धरूपले विकास गर्ने ।
- उद्योगको क्षेत्रमा लगानी बढाउन राष्ट्रिय उद्योगीहरूलाई प्रोत्साहन दिने । आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनमूलक उद्योगको विकासमा जोड दिने । ऐतिहासिक कालदेखि रहेको ज्ञान, सीप र अनुभवका आधारमा स्थापना गरिने उद्योगहरूलाई विशेष सुविधा दिने ।
- स्वदेशी लगानीलाई प्रोत्साहन तथा विदेशी लगानीलाई आकर्षण गर्ने गरी लगानीमैत्री वातावरण निर्माण गर्ने । औद्योगिक विकासलाई तिव्रता दिनका लागि व्यापारिक नाका नजिक पर्ने गरी देशको मध्यभागमा एउटा हाइटेक सिटी र प्रत्येक प्रदेशहरूमा निजी क्षेत्रको संलग्नतामा विशेष आर्थिक क्षेत्रहरू (SEZs) निर्माण गर्ने । राष्ट्रिय हितको सुनिश्चितता गर्दै विदेशी पुँजी, प्रविधि तथा लगानीलाई भित्र्याउने ।
- अत्यधिकरूपमा विप्रेषणमा निर्भर अर्थतन्त्रलाई उत्पादनशील अर्थतन्त्रमा रूपान्तरण गर्न राज्य र निजी क्षेत्रको सहयोगात्मक भूमिकाको आधारमा देशलाई औद्योगिकरण गर्ने, औद्योगिक सुरक्षाको व्यवस्था गर्ने र उत्पादनका लाभहरूको समन्यायिक वितरण गर्ने ।
- देशको आन्तरिक स्रोत साधनमा आधारित ग्रामीण लघु उद्योगहरूका साथै घरेलु तथा साना उद्योग व्यवसायहरूको विकास र प्रवर्धनमा जोड दिने । मौजुदा औद्योगिक उत्पादनलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउन मझौला उद्योगहरूलाई ठुला उद्योगको रूपमा विकास गर्ने वातावरण सिर्जना गर्ने । त्यसका लागि साना तथा मझौला उद्योग इन्क्युवेशन सेन्टर स्थापना गर्ने, विद्युतीय दक्षता बढाउने, हरित मापदण्ड र डिजिटल प्रविधिलाई प्रवर्धन गर्ने ।
- नवप्रवर्तनीय उद्योगहरू, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्धनमूलक, तुलनात्मक लाभका उद्योगहरू तथा ग्रामीण आत्मनिर्भरता बढाउने उद्योगहरूमा प्रवाहित हुने ऋणमा विशेष सहुलियत दिई त्यस्ता उद्योगहरूलाई प्रोत्साहन गर्ने ।
- फिनटेकको अवधारणाअनुरूप वित्तीय सेवा तथा प्रणालीलाई सजिलो, छरितो, पहुँचयोग्य, पारदर्शी र सस्तो बनाउन परम्परागत बैंकिङ, बिमा, लगानी, कारोबार, ऋण, बचत र भुक्तानी प्रणालीलाई डिजिटल माध्यमबाट सरल र स्मार्ट बनाउने ।
- औद्योगिक दक्ष जनशक्ति उत्पादन गर्नका लागि प्राविधिक शिक्षा दिने तथा श्रम बजार मिल्दो एकीकृत सीपमूलक तालिम कार्यक्रमहरू सञ्चालन गर्ने ।

**८.३.३ वाणिज्य तथा आपूर्ति**

- राष्ट्रिय औद्योगिकरणलाई बढावा दिने गरी ब्यापारलाई विविधीकरण गर्ने । तुलनात्मक लाभका वस्तुहरूको निकासीलाई प्रोत्साहित गर्ने र अन्तर्राष्ट्रिय बजारको प्रवर्धन गर्ने ।
- भुक्तानी सन्तुलनलाई सकारात्मक बनाउन तुलनात्मक लाभका आन्तरिक उत्पादनमा जोड दिने र आयात नियमन तथा निर्यात प्रबर्द्धनको नीति लागू गरी व्यापार घाटा घटाउने ।
- भारत र चीनजस्तो विशाल अर्थतन्त्र भएका छिमेकीहरूबिचको आर्थिक सम्बन्धबाट फाइदा लिनका लागि नेपाललाई दुई देशबिचको पारवहन विन्दूका रूपमा स्थापित गर्न अर्थ कुटनीति अवलम्बन गर्ने तथा सार्क मुलुकहरूसँगको व्यापारिक सम्बन्ध मजबुत पारी नेपाललाई दक्षिण एशीयाली ट्रेड हब बनाउन पहल गर्ने ।
- व्यापार र पारवहन क्षेत्रमा पारस्परिक लाभको आधारमा सन्धि गर्न तथा सीमा पार ऊर्जा व्यापारका लागि कुटनीतिक पहल गर्ने ।
- पारदर्शी बित्तका लागि एआईमा आधारित ब्लकचेन, डिजिटल कारोबार, विप्रेषणमा सुरक्षाको सुनिश्चितता, डिजिटल कर प्रणाली जस्ता वित्तीय प्रविधिहरू प्रयोगका साथै ई सेवा, कनेक्ट आइपिएस, क्यू आर भुक्तानीजस्ता फिनटेक साधनहरूको पहुँच विस्तार गने ।
- विदेशी वस्तुहरूको अनुचित

क्रमशः...

# सीमापार अपराध नियन्त्रणदेखि विपद् व्यवस्थापनसम्म सहकार्य गर्ने निर्णय

काठमाडौं । भारत र नेपालको गृह सचिवस्तरीय बैठकले सीमापार अपराध नियन्त्रण, विपद् व्यवस्थापन र आपसी कानुनी सहायताजस्ता बहुपक्षीय सुरक्षाका विषयमा सहकार्य गर्ने निर्णय भएको गृह मन्त्रालयले जनाएको छ ।

बुधवार भारतको नयाँ दिल्लीमा सम्पन्न गृहसचिवस्तरीय वार्ताले यस्तो निर्णय गरेको गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारीले शुक्रवार पत्रकार सम्मेलनमार्फत जानकारी दिएका हुन् ।



बैठकमा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारका गृहसचिव गोविन्द मोहनले गरेका थिए भने नेपाली प्रतिनिधिमण्डको नेतृत्व नेपाल सरकारका गृहसचिव गोकर्णमणि दुवाडीले गरेका थिए ।

मन्त्रालयका प्रवक्ता तथा सहसचिव तिवारीकाअनुसार बैठकमा खासगरी मानव बेचबिखन तथा सीमापार लागुऔषध ओसारपसार नियन्त्रणका विषयमा प्राथमिकताका साथ छलफल छ ।

बैठकमा सीमामा निगरानी तथा जाँच प्रणालीलाई सुदृढ बनाउने, समयमै अपराधसम्बन्धी सूचना आदानप्रदान गर्ने र सम्भावित अपराध रोक्न दुवै देशका सुरक्षा निकायबीच सहकार्यलाई थप सशक्त बनाउने निर्णय भएको तिवारीले बताए ।

साथै, सीमा क्षेत्रमा भइरहेका अराजक गतिविधिहरु नियन्त्रण गर्न दुवै पक्षले सक्रियता बढाउने प्रतिवद्धता जनाएको पनि उनले बताए ।

उनले विपद् व्यवस्थापनमा सहकार्य अभिवृद्धि गर्ने, अर्ली वार्निङ प्रणालीमार्फत सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने र कानूनी सहायतासम्बन्धी प्राविधिक प्रक्रिया टुंग्याउने निर्णय पनि बैठकले गरेको बताए ।

उनकाअनुसार बैठकमा सीमा क्षेत्रका स्तम्भहरुको निर्माण तथा मर्मतका विषयमा पनि छलफल भएको छ ।

## श्रम मन्त्रालयको सेवा प्रविधिमार्फत नागरिक एपमा जोडियो श्रम संसार

काठमाडौं। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरत सिंह भण्डारीले श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बद्ध सेवाहरुलाई डिजिटल प्रविधिमा रुपान्तरण गर्ने गरी रणनीतिक कार्ययोजना अघि सारेका छन् ।

मन्त्रालयमा आयोजित पत्रकार भेटघाटमा राष्ट्रिय योजना आयोगका सदस्य डा. प्रकाश कुमार श्रेष्ठसंग संयुक्त रुपमा श्रम संसार र नागरिक एपबीचको साझेदारीलाई विधिवत उद्घाटन गर्दै मन्त्री भण्डारीले मन्त्रालयले उपलव्ध गराउने सबै सेवाहरुलाई नागरिक समक्ष पुग्ने गरी डिजिटल फ्रेमवर्कको विस्तार तथा नागरिक मैत्री सुशासन अभिबृद्धी गर्न लागिएको बताए।

आजैबाट नागरिक एप संग जोडिएकोले बेरोजगार व्यक्तिहरुले श्रम तथा रोजगार सेवा प्राप्तिका लागि विभिन्न वेवसाइट चाहर्नु पर्ने तथा सेवा प्राप्तिको लागि भनसुन गर्नु पर्ने अवस्था नरहने मन्त्री भण्डारीको विश्वास छ। श्रम संसारमा कन्सुलर सेवा सहित विस्तार गरिएकोले विदेशी भूमिमा नेपालीलाई थप सुविधा उपलव्ध भएको जानकारी समेत दिए।

मन्त्रालयले आन्तरिक रोजगार, वैदेशिक रोजगार, श्रम बजार व्यवस्थापन तथा रोजगारमूलक सेवाहरुको साझा र एकीकृत सूचना प्रणालीको रुपमा रणनैतिक डिजिटल प्रणालीको विकास गरिरहेको सन्दर्भमा यसको पूर्ण कार्यान्वियनबाट सेवा प्रवाहमा देखिएको झण्झट, ढिलाइ र अस्पष्टता हट्ने मन्त्रालयको दावी छ। मन्त्री भण्डारीले श्रमिकलाई केन्द्रमा राखेर सेवा तथा प्रविधिको विस्तार गर्न लागेको बताउदै मन्त्री भण्डारीले समृद्ध नेपाल सुखी नेपालीको लक्ष्य प्राप्तिका प्रविधिको प्रयोग आवश्यक देखिएकोले मन्त्रालयले अघि सारेको सूचना प्रणालीमा आवश्यक सुधारका लागि सञ्चार माध्यम तथा पत्रकारलाई अनुरोध गरेका छन्।

पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगको सदस्य डा. श्रेष्ठले डिजिटल पद्दतिको विकास गर्दै जाँदा नागरीकले सेवा प्राप्तिका गर्दा डिजिटल व्यारियर नबनोस भनेर मन्त्रालय सजग बन्नु पर्ने धारणा व्यक्त गरेका छन्।

सोह्रौं योजनाको कार्यान्वयनका लागि सूचना प्रणालीको महत्वपूर्ण भूमिका रहेकोले मन्त्रालयले प्रविधिको विकास र विस्तारमा ध्यान दिएकोमा खुसी व्यक्त गरेका छन्। कार्यक्रममा मन्त्रालयको रणनीतिक डिजिटल रोडम्याप र कार्ययोजनाको प्रस्तुत गर्दै श्रम विज्ञ सल्लाहकार युबराज बस्नेतले सन् २०३० भित्रै श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्बन्धी सूचनाहरुलाई एकीकरण गर्दै नागरीकलाई सेवा प्रवाह गर्दा कृत्तीम बौद्धिकता र मेसिन लर्निङ्ग जस्ता उच्च प्रविधिको प्रयोगलाई जोड दिइएको बताए।

कार्यक्रमको अध्यक्षता गरेका आन्तरिक रोजगार व्यवस्थापन महाशाखा प्रमुख कृष्ण प्रसाद सापकोटाले अबको श्रम तथा रोजगार सेवा प्रविधिमा आधारित हुने र यसको लागि नीतिगत र कानुनी सुधारको बाटो अगाढी बढाइ सकिएको बताए।




## जिल्ला समाचार

### खानेपानी समस्या समाधानका लागि साझा जिम्मेवारी आवश्यक छ : मन्त्री यादव

वीरगन्ज । खानेपानीमन्त्री प्रदीप यादवले मधेश प्रदेशको खानेपानी सङ्कट समस्या समाधानका लागि सबै क्षेत्रको हातेमालोसँगै साझा जिम्मेवारीको आवश्यकता रहेको बताएका छन् । पर्सास्थित ठोरी गाउँपालिका-४ मा निर्माण सम्पन्न भएको "निर्मल बस्ती खानेपानी आयोजना" उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री यादवले तराई-मधेशका जिल्लाहरू हाल इतिहासकै एक गम्भीर जलसङ्कटको सामना गरिरहेका बताएका हुन् । "तराई-मधेशका जिल्लाहरूमा खानेपानीको गम्भीर सङ्कट उत्पन्न भएको छ। अब सहानुभूति हैन, साझा जिम्मेवारी आवश्यक छ," उनले भने, "खानेपानी सङ्कट मधेश प्रदेशको मात्रै समस्या हैन, यो हाम्रो साझा चुनौती हो । सङ्कट समाधानका लागि सबैले हातेमालो गर्ने बेला आएको छ ।" त्यसैगरी मन्त्री यादवले तराई-मधेशमा विकराल समयमा पनि आफु सहित सिङ्गो मन्त्रालय नागरिकका मौलिक अधिकारका रूपमा स्वच्छ र सुरक्षित खानेपानी सुनिश्चित गर्न अहोरात्र खटिएको जानकारी गराए । "विपद्को यस घडिमा हामी नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानी सुनिश्चित गर्न खटिएका छौं । यहाँको खानेपानी समस्या चाडै समाधान गरिने म आम नागरिकहरुमा बिश्वास दिलाउन चाहन्छु," उनले भने । मन्त्री यादवले आफुले नेतृत्व गरेको खानेपानी मन्त्रालयको विशेष पहलमा नेपाल सरकारको मन्त्रिपरिषद्बाट मधेश प्रदेशका आठ जिल्लालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको बताए । उनले भने, "यो सङ्कटलाई केवल सहानुभूतिका रूपमा होइन, साझा जिम्मेवारीका रूपमा हेर्ने र समाधानका लागि हातेमालो गर्ने बेला आएको छ। दातृ निकाय, संघसंस्था र नागरिक समाजलाई आवश्यक सहयोग गर्न म हार्दिक आग्रह गर्दछु ।" मन्त्री यादवले ठोरी गाउँपालिका-४ मा निर्माण सम्पन्न भएको निर्मल बस्ती खानेपानी आयोजना ठोरी क्षेत्रको दीर्घकालीन खानेपानीको सङ्कट अन्त्यको लागि मन्त्रालयले दिगो र रणनीतिक समाधानतर्फ गरेको प्रयासको प्रतिबद्धताको मुल प्रतिविम्ब भएको दाबी गरे । उनले भने, "यो आयोजना केवल पाइपलाइन, पम्प हाउस वा ट्याङ्कीको संरचना निर्माण मात्रै होइन, नागरिकलाई नियमित, सुरक्षित र भरपर्दो खानेपानी आपूर्ति गर्ने आयोजना हो ।" यस आयोजना मार्फत ठोरीका कम्तिमा पनि दुई हजार १६५ जनसङ्ख्या प्रत्यक्ष रूपमा लाभान्वित हुने खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ईञ्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए । उनका अनुसार ओभरहेड ट्याङ्की, डीप ट्युबवेल, कार्यालय भवन, पम्प हाउस र पानी प्रशोधन केन्द्र (ट्रीटमेन्ट प्लान्ट) लगायतका संरचना निर्माण गरिएकाले यहाँका नागरिकलाई सुरक्षित र स्वच्छ खानेपानी आपूर्ति गर्ने अपेक्षा गरिएको छ ।

### साप्ताहिक संध्या आरतीको पाँचौ वार्षिक उत्सव तथा महाआरती कार्यक्रम सम्पन्न

महोत्तरी । जिल्लाको मटिहानी-७ स्थित धार्मिक, ऐतिहासिक एवं पौराणिक लक्ष्मी सागरमा हुँदै आएको श्री लक्ष्मीनारायण भगवानको साप्ताहिक संध्या आरती चार पूरा गरी पाँचौ वर्षमा प्रवेश गरेको छ। सो अवसरमा श्री लक्ष्मी सागर तथा आरती ब्यावस्थापन समिति मटिहानीले आयोजना गरेको पाँचौ वार्षिक विशेष उत्सव तथा महाआरती कार्यक्रम सम्पन्न भएको हो । श्री लक्ष्मी सागर तथा आरती ब्यावस्थापन समिति मटिहानीले आयोजना गरेको पाँचौ वार्षिक विशेष उत्सव तथा महाआरती कार्यक्रमको शुभारम्भ मधेश प्रदेश सभा सदस्य राम अशिष यादव, मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद रिसालले संयुक्त रुपमा गर्नुभएको थियो । उक्त सप्ताहिक संध्या आरती वि.सं. २०७८ साल श्रावण ५ गते देखि प्रत्येक हप्ताको बिहीबारको दिन हुँदै आएको छ। उक्त वार्षिक उत्सवका विशिष्ट अतिथि मधेश प्रदेश सभा सदस्य राम अशिष यादवले महालक्ष्मी आरती एउटा शब्द मात्र नभई समग्र मटिहानी नगरपालिकाको समृद्धि विकास, उन्नति र प्रगतिको मन्त्र रहेको भन्दै पोखरी (सागर) मा आरती गर्नु भनेको जलको संरक्षण गर्नु हो भन्ने बिश्वास ब्यक्त गरेका छन् । त्यसै वार्षिक उत्सव समारोह एवं महाआरती कार्यक्रममा बोल्दै मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले रामायणकालीन इतिहास बोकेको लक्ष्मी नारायण मठ र लक्ष्मी सागर भएको यस मटिहानी गाँउको अहिले बिश्वभरी चर्चाको बिषय भएको बिचार ब्यक्त गर्दै अहिले तराई लगायत देशभरि पानीको अभावले जनजीवन कष्टकर बन्दै गएको भन्दै आजदेखि देशभरि अमृत वर्षा होस भन्ने प्राथना समेत गरे ।

समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्न र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्न खोज्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूसँग सामञ्जस्यता राखेको छ । यो नीतिले विद्यालय शिक्षा क्षेत्र योजना र बृहत् संघीय शिक्षा ढाँचामा उल्लिखित नेपालका शिक्षाका राष्ट्रिय लक्ष्यहरू पनि प्रतिविम्बित गर्दछ ।

मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# नेपाल–भारत सीमा कार्यदलको बैठक सम्पन्न




काठमाडौं । नेपाल-भारत सीमा कार्यदलको सातौं बैठक भारतको नयाँ दिल्लीमा सौहार्दपूर्ण र मैत्रीपूर्ण वातावरणमा सम्पन्न भएको छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नापी विभागका महानिर्देशक प्रकाश जोशीले गरेका थिए भने भारतीय प्रतिनिधिमण्डलको नेतृत्व त्यहाँको नापी विभागका महानिर्देशक हितेशकुमार एस. मकवानाले गरेका थिए ।

बैठकले अगस्ट २०१९ मा देहरादूनमा आयोजित छैटौं बैठकको नतिजाको कार्यान्वयनको समीक्षाका साथै सोही वर्षको सेप्टेम्बरमा सोही स्थानमा २०१९ मा आयोजित ११ औं नापी विभागका अधिकारी सम्मिलित समिति बैठकको कार्य प्रगतिको समीक्षा गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

बैठकले नेपाल र भारत सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरूको निरीक्षण र मर्मतसम्भारकासँग सम्बन्धित संयन्त्रका कामलाई अझ प्रभावकारी बनाउन सर्वेक्षण र नक्साङ्कनमा नयाँ प्रविधि अपनाउने सहमति जनाएको छ । बैठक सहमति पत्रमा हस्ताक्षरसँगै समापन भएको छ । दुवै पक्षले नापी विभागका अधिकारी सम्मिलित समितिको अर्को बैठक आगामी महिना नेपालमा र सीमा कार्यदलको अर्को बैठक दुवै देशलाई अनुकूल हुने मितिमा नेपालमा गर्ने सहमति जनाएका मन्त्रालयले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

सीमा कार्यदल नेपाल र भारत सरकारद्वारा सन् २०१४ मा गठन भएको संयुक्त निकाय हो । यसलाई सीमा स्तम्भहरूको निर्माण, पुनःस्थापना र मर्मत र अन्य प्राविधिक कार्यहरू गर्ने कार्यादेश छ ।

# जसपा नेपालको केन्द्रीय आईटी सेल गठन

काठमाडौं । जनता समाजवादी पार्टी, नेपालको केन्द्रीय आईटी सेल गठन भएको छ । आईटी सेलको प्रमुखमा महेश चौरसिया चयन भएका छन् । पार्टीको सूचना, संचार, विज्ञान तथा प्रविधि विभागको सचिवमा पनि चौरसियालाई मनोनित गरिएको छ ।

सोमबार पार्टी कार्यालय बालकुमारीमा जितेन्द्र यादवको अध्यक्षता र महासचिव लालबाबु राउतको प्रमुख आतिथ्यमा बसेको बैठकले पार्टीको केन्द्रीय आईटी सेलको गठन, त्यसको प्रमुख चयन र सचिवसहित सूचना तथा संचार विभागलाई १८ सदस्यीय बिस्तार गर्ने निर्णय गरेको हो ।

आधुनिक सञ्चार एवं प्रविधिको बढ्दो प्रभाव र प्रयोगलाई मध्यनजर गर्दै पार्टीको विचार र मुद्दालाई मूलधारका सामाजिक सञ्जालहरुको प्रयोग र परिचालनलाई पार्टीको हितका निम्ति प्रभावकारी ढंगले जनतामाझ लैजाने र पार्टीको गतिविधि एवं संरचनालाई आधुनिक आईटी मैत्री बनाउने उद्देश्यले महेश चौरसियाको नेतृत्वमा ३३ सदस्यीय केन्द्रीय आईटी सेल गठन गरिएको विभाग प्रमुख जितेन्द्र यादवले बताए ।

सामाजिक सञ्जालमा सक्रिय रहेका, आईटीको प्राविधिक पक्षमा दख्खल राख्ने, प्रचारप्रसार सामाग्री तयार गर्न सक्ने, फोटो भिडियोको सम्पादन बारे जानकार भएका र समग्रमा चर्चित सामाजिक सञ्जालका प्लेटफर्महरुलाई पार्टीको हितमा प्रयोग गर्न जानेका संगठित सदस्यहरुलाई समेटेर दक्ष आईटी टीम निर्माण गरिएको यादवले बताए ।

# नेपालका सांसदहरुले भेटे भारतीय विदेश सचिव



काठमाडौं । भारतका परराष्ट्र सचिव विक्रम मिस्रीले मंगलबार नेपालका बहुदलीय सांसद प्रतिनिधिमण्डलसँग भेटवार्ता गरेका छन् । भेटका क्रममा भारत-नेपालबीचको बहुआयामिक साझेदारीलाई अझ सुदृढ बनाउने सम्भावनाहरूमा विस्तृत छलफल गरिएको जनाइएको छ ।

सहभागीहरूले व्यापार, ऊर्जा, पूर्वाधार, पारवहन, संस्कृति तथा जनस्तरको सम्बन्ध लगायतका प्रमुख क्षेत्रहरूमा सहकार्यलाई थप मजबुत बनाउने विषयमा छलफल गरेका छन् । परराष्ट्र सचिव मिस्रीले दुई देशबीचको ऐतिहासिक, भौगोलिक र सांस्कृतिक सम्बन्धलाई स्मरण गर्दै पारस्परिक हितमा काम गर्न भारत सधैं तयार रहेको बताएका थिए ।

भेटवार्ता सांसदीय कूटनीतिको हिस्सा स्वरूप भएको र यसले दुई देशबीचको आपसी समझदारी तथा मित्रता बढाउने विश्वास व्यक्त गरिएको छ । नेकपा एसका सांसद सुरेन्द्र पाण्डे र मेटमणि चौधरी, जनमत पार्टीका सांसद अब्दुल खान, नेपाली कांग्रेसका सांसद रामकृष्ण यादव तथा जसपा नेपालकी सांसद रेखा यादव यतिबेला भार भ्रमणमा छन् ।

# सांसदहरुद्धारा भाजपा केन्द्रीय कार्यालय भ्रमण

काठमाडौं । नेपालको बहुदलीय प्रतिनिधिमण्डलले भारतको सत्तारूढ भारतीय जनता पार्टी ( भाजपा) को केन्द्रीय कार्यालयको भ्रमण गरेको छ।

सो भ्रमणले दुई देशबीचको राजनीतिक, सांगठनिक तथा जनस्तरीय सम्बन्ध थप सुदृढ गर्ने विश्वास गरिएको छ।

भ्रमणको क्रममा भाजपाका वरिष्ठ नेता शिव प्रकाशले नेपाली सांसदहरूलाई पार्टीको संगठनात्मक संरचना, कार्यपद्धति तथा विविध गतिविधिहरूका बारेमा विस्तृत जानकारी दिए। उनले भारतीय लोकतन्त्रमा भाजपा कसरी कार्यरत छ भन्ने विषयमा पनि प्रस्ट पारे।

भ्रमणमा नेकपा एसका सांसद सुरेन्द्र पाण्डे र मेटमणि चौधरी, जनमत पार्टीका सांसद अब्दुल खान, नेपाली कांग्रेसका सांसद रामकृष्ण यादव तथा जसपा नेपालकी सांसद रेखा यादव सहभागी थिए। त्यसैगरी भारतका राज्यमन्त्री, सडक यातायात तथा राजमार्ग मन्त्री अजय टम्टा, लोकसभा सांसद डा. संजय जैसवाल, उत्तर प्रदेश सरकारका पूर्वमन्त्री डा. सतीश द्विवेदी, र भाजपाको विदेश मामिला विभाग प्रमुख डा. विजय चौथाइवाले सहभागी थिए।

## उत्पीडित....

थियो । तर त्यो सम्मानको क्षण केही बेरमै भावनात्मक हुनुका साथै आँशुमा परिणत भयो । शोभा राजवंशीले भक्कानिँदै भनिन्, 'हामीले आफ्ना श्रीमान गुमायौं, सपना गुमायौं। हामीले सोचेका थियौं, हाम्रो बलिदानले केही बदलिन्छ। तर यिनीहरू (नेताहरू) त सत्तामा पुगेर हामीलाई त के, आफन्तलाई पनि बिर्सिए। मधेसी जनताको सपना बेचेर कुर्सी किन्न पुगे ।'

उनको आँखा रसाएका मात्र थिएन, उनको स्वरले जनताको मौन पीडालाई चिच्याएर बोलिदिएको थियो । त्यो क्षणले पूरै सभा भावविह्वल बनायो, र उपस्थित नागरिकहरूका आँखामा पनि आँसु झल्झलाएको थियो ।

नारा मात्र होइन, न्यायको आवाज नगर परिक्रमा गरिएको रैलीमा हजारौं जनताको सहभागिता थियो । तिनीहरूले बुलन्द आवाजमा भने: "समग्र मधेस एक प्रदेश", "भ्रष्टाचारको अन्त्य गर', 'शोषणमुक्त समाजको निर्माण गर', 'पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गर', 'उर्दु विश्वविद्यालय स्थापना गर', 'निषाद तथा ओबिसी आयोग गठन गर', 'मदरसा शिक्षा विधेयक पारित गर', 'मधेशी तथा उत्पीडितहरूको सेनामा सामूहिक प्रवेश सुनिश्चित गर' । यी नाराहरू नारामात्र थिएनन्, ती आवाज थिए – सदियौंदेखि दबिएको, चिच्याउन खोजिरहेको, तर सुनुवाइ नपाएको आवाज ।

गठबन्धनका संयोजक तथा नेपाल संघीय समाजवादी पार्टीका केन्द्रीय अध्यक्ष एवं पूर्वगृह राज्यमन्त्री अन्सारीले आफ्नो गम्भीर र ओजपूर्ण मन्तव्यमा भने, 'अब यो आन्दोलन रोकिन्न । यो उत्पीडित जनताको क्रान्ति हो । हामी अब न झुक्छौं, न बिक्छौं । हामीले मधेश र नेपालका शोषित जनताको राज्यसत्ता स्थापना गरेरै छाड्नेछौं । २०८४ को निर्वाचन हाम्रो परीक्षण मात्र होइन, हाम्रो विजयको सुरुवात हुनेछ ।'

उनले भ्रष्टाचार, बेइमानी र विभेदको विरुद्ध सम्पूर्ण उत्पीडित समुदायलाई एकीकृत संघर्षमा होमिन आह्वान गरेका छन् ।

बहुजन एकता पार्टीका अध्यक्ष हरिनन्दन अम्बेडकरले भने, 'जुन समाजमा जातीय, लैङ्गिक, धार्मिक वा क्षेत्रीय विभेद रहन्छ, त्यहाँ स्थिरता र समृद्धिको सपना सधैं अधुरो रहन्छ। संविधान संशोधन गरेर मात्र न्याय सम्भव छ ।'

यसैगरी, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतोले स्मरण गराए, 'गजेन्द्र नारायण सिंहले सुरु गरेको आन्दोलन हामीले बोकेको छौं। जबसम्म धोकेबाज नेताहरू राजनीतिक रूपमा समाप्त हुँदैनन्, मधेशी जनताको मुक्तिको सपना अधुरो नै रहन्छ ।'

नेपाल जनजागृति पार्टीका अध्यक्ष धुपलाल निषादले निषाद समुदायको निरन्तर उपेक्षा र संविधानमा पहिचानको अभावको विरुद्ध आवाज उठाउँदै भने, 'निषाद आयोग गठन गरियोस्, निषाद समुदायको जल, जंगल, जमिनमा अधिकार सुनिश्चित गरियोस्। हामी यो लडाइँमा अग्रपङ्क्तिमा रहन्छौं ।'

यो कार्यक्रम केवल राजनीतिक सभा थिएन, यो विश्वासको पुनर्जागरण थियो । शहीद परिवारको आँसु, नेताहरूको प्रतिबद्धता र जनताको उत्साह मिलेर एउटा नयाँ यथार्थ जन्माइरहेका थिए । अब मधेशी जनताको आत्मसम्मानको पुनःस्थापना हुने छ। अब उनीहरूले इमानदार राजनीतिक विकल्प पाएका छन् ।

संघीय गणतान्त्रिक गठबन्धनको यो जनजागरण अभियानले मधेश र सम्पूर्ण उत्पीडित समुदायलाई एउटा बाटो देखाएको छ – संघर्षबाट समता, आन्दोलनबाट अधिकार र आँसुबाट परिवर्तनको । यो केवल कार्यक्रम थिएन – यो शहीदहरूको सपना थियो, न्यायको उद्घोष थियो र आत्मसम्मानको बत्ती थियो ।

## सामाजिक....

स्रोत व्यवस्थापन र जलवायु-अनुकूल कृषि नीतिमा ठोस नीति परिवर्तन ल्याइयोस् ।

राष्ट्रिय मुक्ति पार्टीले चेतावनी दिँदै भनेको छ, "यदि यो संकटलाई बेवास्ता गरियो भने सामाजिक अस्थिरता, जनआक्रोश र राष्ट्रिय अर्थतन्त्रको विघटनतर्फ देश अघि बढ्न सक्छ।" यो संकटको मूल कारण शासनको असंवेदनशीलता हो, जसलाई अब तुरुन्त अन्त्य गर्न सरकार गम्भीर बन्नुपर्ने समय आएको पार्टीका नेता सन्तोष मेहताले भनेका छन् ।

गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानाकुरा नखाऔं,
- सुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसालेदार खाना नखाऔं,
- घर बाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं